# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३ | काठमाडौं | आइतबार, १३ वैशाख २०८३ | Prabhab National Daily | Sunday, 26 April 2026 | www .prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


सुकुमबासी बस्तीमा चल्यो डोजर

# थापाथली र गैरीगाउँको बस्ती हटाइयो, मनोहरामा जारी

- थापाथली र गैरीगाउँको सुकुमबासी बस्ती डोजर लगाएर खाली गरियो
- बस्ती हटाउने क्रममा चार हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन
- सुकुमबासीहरू आफैंले सामान निकालेर घर टहरा खाली गरेकाले भएन लफडा
- मनोहरामा घर टहरा भत्काउने क्रममा डोजर र सुरक्षाकर्मीमाथि ढुंगा प्रहार, डिएसपीसहित १३ जना प्रहरी घाइते
- सुकुमबासीको सामान सार्ने, लोड गर्ने र ढुवानी गर्ने कार्यमा सुरक्षाकर्मीको सहयोग
- शनिबारसम्म १४४ सुकुमबासी परिवार सरकारको सम्पर्कमा
- विस्थापितहरूमध्ये वास्तविक सुकुमबासी पहिचान गरी नागार्जुनस्थित सरकारी अपार्टमेन्टमा राख्ने तयारी



■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले काठमाडौंका विभिन्न स्थानमा रहेका सुकुमबासी बस्ती हटाउने काम थालेको छ। प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी शनिबारदेखि थापाथली, गैरीगाउँ, सिनामंगल, शान्तिनगर, मनोहरालगायत क्षेत्रका अवैध बस्ती डोजर लगाएर हटाउन सुरु गरेको हो।

काठमाडौं महानगरपालिका-११ स्थित थापाथलीमा रहेको सुकुमबासी बस्ती शनिबार खाली गरिएको छ। वडा नम्बर ९ स्थित गैरीगाउँ र वडा नम्बर ३१ स्थित शान्तिनगरमा पनि बस्ती खाली गरिएको छ। कागेश्वरी मनोहरा नगरपालिका वडा नम्बर ८ को गोठाटार बुद्धचोक र वडा नम्बर ९ को मनोहरा टोलमा रहेका अनधिकृत बस्तीहरू खाली गर्न सुरु गरिएको छ। काठमाडौं उपत्यका विकास प्राधिकरणको तथ्यांकअनुसार शान्तिनगरमा ४७६, गैरीगाउँमा १६२, थापाथलीमा १४३, गोठाटारमा ७७ र मनोहरा टोलमा १३ गरी कूल ८७१ घरधुरी छन्। शनिबार महानगर प्रहरी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका चार हजारभन्दा बढी सुरक्षाकर्मी खटाइएको थियो।

थापाथली सार्वजनिक जग्गा अतिक्रमण गरी बसेको बस्ती खाली गराउने काम शनिबार सम्पन्न भएको र गैरीगाउँ क्षेत्रको सुकुमबासी बस्ती खाली गराउने काम जारी रहेको काठमाडौं महानगरपालिकाले जानकारी दिएको छ। थापाथलीमा शनिबार बिहान ६ बजेदेखि डोजर चलाउन सुरु गर्ने तयारी भए पनि सामान निकाल्ने अवसर दिँदै ८ बजेपछिमात्रै डोजरले भत्काउन सुरु गरेको कामपाको भनाइ छ।

क्रमशः पृष्ठ २ मा

> हामीले मानवअधिकारको पूर्ण सम्मान गर्दै काम गरेका छौं । प्रत्येक घरमा माइकिङ गरेर जानकारी गराउने, वृद्धवृद्धा, बालबालिका र अपांगता भएका व्यक्तिहरूको अवस्था बुझ्ने र सुरक्षित रूपमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइएको छ ।
>
> ■ **ईश्वरराज पौडेल**
> प्रजिअ, काठमाडौं

## सुकुमबासी राख्न नागार्जुनको अपार्टमेन्टमा सरसफाइ



काठमाडौं उपत्यकाको नदी तथा खोला किनारका सुकुमबासी बस्ती हटाइरहँदा विस्थापित भएका भूमिहीनका लागि अस्थायी बसोबास गराउन नागार्जुन नगरपालिका-१ स्थित सरकारी अपार्टमेन्ट सफा गर्न लागिएको छ। उक्त भवन तत्कालीन एकीकृत नेकपा माओवादीबाट डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला बनाइएको थियो। माइतीघर क्षेत्रको सुकुमबासी बस्ती हटाएका डा. भट्टराईले बस्तीमा भएका सुकुमबासीहरूलाई आवासको हकअन्तर्गत नागार्जुनमा ठूलाठूला तीनवटा संरचना बनाएका थिए।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# रोजगारीको खोजीमा पोल्याण्ड जाने नेपालीहरू बढ्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि पोल्याण्ड जाने नेपालीहरूको संख्या बढ्न थालेको छ। गत वर्ष उक्त मुलुकमा जाने नेपालीको संख्या ३० प्रतिशतभन्दा धेरैले बढेको युरोपियन ट्राभल इन्फरमेसन एण्ड अथोलाइजेसन सिस्टम (इटिआइएस)ले जनाएको छ।

पछिल्लो वर्षमा एसिया र दक्षिण अमेरिकाबाट पुगेका कामदार पोल्याण्डको श्रमबजारमा सबैभन्दा छिटो बढिरहेको समूहमध्येमा पर्न थालेको विज्ञले इटिआइएससँग बताएका छन्। जसमा कोलम्बिया, भारत, फिलिपिन्स, नेपाल र भियतनामबाट त्यहाँ गएकाहरू रहेका छन्। नेपालीहरू उद्योग, निर्माणलगायतका क्षेत्रमा काम गर्ने गरेको पाइएको छ। त्यहाँको सामाजिक बिमा प्रणालीमा सन् २०२३ मा तीन हजार ४८१ जना नेपाली दर्ता भएका थिए। सन् २०२५ को सुरुमा उक्त संख्या बढेर १० हजार ६२७ जना पुगेको तथ्यांक छ।

कोभिडपछि नेपालीहरू रोजगारीको खोजीमा पोल्याण्ड जाने क्रम बढेको पाइन्छ। वैदेशिक रोजगार विभागको तथ्यांक हेर्दा आर्थिक वर्ष २०७६/७७ मा ४४८ जना संस्थागत र व्यक्तिगत श्रम स्वीकृति एवं नवीकरण गरेर गएका थिए। त्यसपछि भने संस्थागतरूपमा पोल्याण्ड नगए पनि व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर जानेहरू बढेका छन्। यस्तो संख्या २०७८/७९ मा एक हजार ८५५, २०७९/८० मा पाँच हजार ११२, २०८०/८१ मा एक हजार ९६९, २०८१/८२ मा एक हजार १६२ जना रहेको छ।

इटिआइएसका अनुसार पोल्याण्डमा सन् २०२५ मा सबैभन्दा धेरै आप्रवासी श्रमिक भित्रिएका छन्।

> इटिआइएसका अनुसार पोल्याण्डमा सन् २०२५ मा सबैभन्दा धेरै आप्रवासी श्रमिक भित्रिएका छन् । उक्त वर्ष मुलुक भित्रने श्रमिकको संख्या आठ प्रतिशतले वृद्धि हुँदै १२ लाख नौ हजारभन्दा धेरै पुगेको त्यहाँको सामाजिक बिमा कार्यालयको तथ्यांक छ ।

क्रमशः पृष्ठ २ मा


VACANT

अर्जेन्ट आवश्यकता

अफिस सेक्रेटरी - २ जना (महिला)
रिसेप्सनिस्ट - २ जना (महिला)

योग्यता तथा अनुभव :
- मेनपावर क्षेत्रमा कम्तीमा १ देखि २ वर्षको अनुभव भएको अनिवार्य ।
- जिम्मेवार, अनुशासित तथा सेवामुखी व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

तलब सुविधा :
रु. २०,००० देखि ३०,००० सम्म (अनुभव अनुसार)

इच्छुक उम्मेदवारहरूले आजै सम्पर्क गर्नुहोस् !

Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal
Tel: 01-01-4593555/4593554,
Mobile : 9852651444, E-mail : snepalhr@gmail



सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

### निजामती विधेयकको मस्यौदा

# मिश्रित संरचना, दुई वर्ष 'कुलिङ पिरियड'

**काठमाडौं–** सरकारले संघीय निजामती सेवा विधेयकको मस्यौदाका सम्बन्धमा सुझाव माग गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आज प्रस्तावित विधेयकको मस्यौदा सार्वजनिक गरेर सात दिनभित्र सुझाव दिन आग्रह गरेको हो।

विधेयकको प्रस्तावित मस्यौदामा निजामती सेवा समयबद्ध, सूचना प्रविधिमा आधारित, निर्णय प्रक्रिया तथा सेवा ढिलाइमा स्पष्ट उत्तरदायित्व र नागरिक संलग्नलतामा आधारित मूल्यांकन प्रणालीसहितको सेवा हुने उल्लेख छ। निजामती सेवा श्रेणीगत र तहगत मिश्रित संरचनामा आधारित हुने प्रस्ताव गरिएको छ। जसअन्तर्गत राजपत्रांकित विशिष्ट श्रेणीमा अधिकृत १४औं र १३औं तह, राजपत्रांकित प्रथम श्रेणीमा अधिकृत १२औं र ११औं, राजपत्रांकित द्वितीय श्रेणीमा अधिकृत १०औं र नवौं तथा राजपत्रांकित तृतीय श्रेणीमा अधिकृतस्तर आठौं, सातौं र छैटौं तह रहने छन्। यस्तै राजपत्रअनंकित प्रथम श्रेणीमा सहायक पाँचौं, द्वितीयमा सहायक चौथो र तृतीयमा सहायक तेस्रो तह रहने छ। निजामती सेवामा नौवटा श्रेणी तथा १४ वटा तह रहने छन्।

संघीय निजामती सेवाको कुनै कार्यकारी वा विशेषज्ञ पदमा नेपाल सरकारले कार्यक्षमतामा आधारित वा कार्यमूलक प्रयोगात्मक परीक्षण गरी खुला वा छड्के प्रवेशको विशेष व्यवस्था गर्न सक्ने प्रस्ताव गरिएको छ। आरक्षणको सुविधा एक व्यक्तिले राजपत्र अनंकित पदमा एकपटक र राजपत्रांकित पदमा एकपटकमात्र लिन पाउने व्यवस्था गरिएको छ।

यस्तै अधिकृतस्तर १४औं तहको कर्मचारीको दुई वर्ष र अधिकृत १३औं तहको कर्मचारीको दुई वर्ष अवधि हुने र सरकारले कार्यदक्षताको आधारमा तेह्रौं तहका कर्मचारीको पदावधि बढीमा एक वर्ष थप गर्न सक्ने प्रस्ताव गरिएको छ। निजमती कर्मचारी ६० वर्षसम्म बहाल रहने व्यवस्था राखिएको छ।

कर्मचारीको सुरुवा गर्दा न्यूनतम् र अधिकतम् अवधि तोकिने छ। राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका कर्मचारीलाई तीन वर्ष र सहायकस्तरका कर्मचारीको चार वर्ष पूरा नभई अन्तरमन्त्रालय सरुवा हुने छैन। एउटै कार्यालयको एकै पद र समान जिम्मेवारीमा बढीमा चार वर्षभन्दा कुनै कर्मचारी नरहने विधेयकको मस्यौदामा उल्लेख छ। संघीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्रांकित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कूटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति पाउने छैनन्।

यस्तै लोकसेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन नपाउने व्यवस्था विधेयकमा गरिएको छ। निजामती सेवामा ट्रेड युनियन नरहने तर सेवा सर्तसम्बन्धी विषय वा पीरमर्का तथा गुनासो सुनुवाइका लागि प्रभावकारी व्यवस्था गरिने उल्लेख छ।

राजनीतिक दल, दलको भ्रातृ संगठन, जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिने विधेयकमा प्रस्ताव गरिएको छ। *रासस*

**पृष्ठ १ बाट क्रमशः**

## थापाथली...

थापाथलीको संरचना भत्काइसकेपछि दिउँसो गैरीगाउँ क्षेत्रको अवैध संरचना भत्काउन सुरक्षाकर्मी र डोजरसहितको टोली परिचालित भएको थियो। उक्त क्षेत्रमा बस्ती हटाउने क्रम जारी रहेको र आज (आइतबार) त्यसलाई निरन्तरता दिइने महानगरले जानकारी दिएको छ। थापाथली र गैरीगाउँका सुकुमबासीहरू आफैंले सामान सारेर बस्ती खाली गराएका कारण शान्तिपूर्णरूपमा भत्काउने कार्य भएको हो। घर टहराबाट सामानहरू हटाउन, ढुवानी गर्न र वृद्धवृद्धा, अशक्त, बालबालिकालगायतलाई सुरक्षितरूपमा सार्न सुरक्षाकर्मीहरूले सहयोग गरेका थिए। उनीहरूलाई महानगरको गाडीमै राखेर त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा पुऱ्याइएको थियो।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलका अनुसार बस्ती हटाउने प्रक्रिया शनिबार बिहानैदेखि सुरु गरिए पनि त्यसअघि दुई दिनसम्म निरन्तर माइकिङ गरेर स्थानीयलाई जानकारी गराइएको थियो। 'हामीले मानवअधिकारको पूर्ण सम्मान गर्दै काम गरेका छौं। प्रत्येक घरमा माइकिङ गरेर जानकारी गराउने, वृद्धवृद्धा, बालबालिका र अपांगता भएका व्यक्तिहरूको अवस्था बुझ्ने र सुरक्षित रूपमा स्थानान्तरण गर्ने व्यवस्था मिलाइएको छ,' प्रजिअ पौडेलले प्रभावसँग भने।

उनका अनुसार सुरक्षाकर्मीहरूलाई पनि संयमितरूपमा परिचालन गरिएको छ। 'बल प्रयोग गर्नेभन्दा पनि सहजीकरण गर्ने भूमिका प्राथमिकतामा राखिएको थियो,' उनले भने। सरकारले सार्वजनिक जग्गा अतिक्रमण हटाउने र जोखिमयुक्त नदी किनारबाट नागरिकलाई सुरक्षित स्थानमा सार्ने उद्देश्यसहित अभियान अघि बढाएको हो। तर, अघिल्ला वर्षहरूमा जस्तै झडप र तनाव नभई यसपटक समन्वय र व्यवस्थापनमा केन्द्रित ढंगले काम गरिएको प्रशासनको दाबी छ। काठमाडौं महानगरीय प्रहरी बलका प्रमुख विष्णुप्रसाद जोशीले सुकुमबासी बस्तीबाट जबर्जस्ती कसैलाई नगरेको बताए। 'हामीले कसैलाई जबरजस्ती गर्ने काम गरेका छैनौं। मानिसहरूलाई सम्झाएर, बुझाएर र आवश्यक सहयोग गरेर स्थानान्तरण गरिएको हो,' उनले भने।

प्रशासनले यसपटक बस्ती हटाउने क्रममा 'लाइन-अप' मोडल अपनाएको छ। अग्रभागमा माइकिङ टोली, त्यसपछि सुरक्षाकर्मी, त्यसपछि सामान ढुवानी गर्ने ट्रक, त्यसपछि विस्थापितलाई लैजाने बस र अन्त्यमा एम्बुलेन्स राखिएको थियो। काठमाडौंका प्रमुख जिल्ला अधिकारीहरूका अनुसार यदि कसैलाई स्वास्थ्य समस्या आयो भने तुरुन्त अस्पताल लैजान सकियोस् भनेर एम्बुलेन्स पनि तयारी अवस्थामा राखिएको छ। आज पनि मनोहरा, गोठाटारलगायत क्षेत्रको बस्ती हटाइने उनको भनाइ छ।

शनिबार थापाथली, गैरीगाउँ, शान्तिनगर क्षेत्रमा बसोबास गरिरहेका १४४ परिवार सरकारको सम्पर्कमा आएका छन्। अन्य स्थानबाट पनि सम्पर्कमा आउने क्रम जारी छ। सम्पर्कमा आएका परिवारहरूलाई दशरथ रंगशाला पुऱ्याएर उनीहरूको विवरण संकलन गरिएको थियो। त्यसपछि उनीहरूलाई काठमाडौंका विभिन्न होटलहरूमा राखिएको छ। विस्थापितहरूको सामान दशरथ रंगशाला र कीर्तिपुरको सुन्दरीघाटस्थित राधास्वामी सत्संग ब्यास नेपालमा भण्डारण गरी राखिएको छ। अब वास्तविक सुकुम्बासी पहिचान गरी नागार्जुन नगरपालिका वडा नम्बर १ स्थित सरकारी अपार्टमेन्टमा राख्ने तयारी गरिएको छ। तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको कार्यकालमा बनाइएको ती अपार्टमेण्टहरू यसअघि सुकुमबासीहरू सर्न नमानेपछि प्रयोगविहीन अवस्थामा रहेका छन्।

### डिएसपीसहित १३ सुरक्षाकर्मी घाइते

काठमाडौंको मनोहरास्थित सुकुमबासी बस्तीमा डोजर प्रयोग गरेर संरचना हटाउने क्रममा शनिबार युवाहरूको समूहले डोजर र सुरक्षाकर्मीमाथि ढुंगा प्रहार गरेका छन्। त्यस क्रममा थिमि प्रहरी वृत प्रमुख डिएसपी नवराज ढुंगानासहित १३ प्रहरी घाइते भएका छन्। उनीहरूको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

घाइतेमध्ये आठ जना नेपाल प्रहरी, पाँच जना सशस्त्र प्रहरी रहेका छन् भने एक जना पत्रकारसमेत घाइते भएको एसपी सूर्यबहादुर खड्काले जानकारी दिएका छन्। आक्रमणकारी युवामध्ये अधिकांशलाई नियन्त्रणमा लिइएको उनले बताए। उनका अनुसार केही पक्की घर तथा टहराहरू डोजरले भत्काइरहँदा अवरोध गरिएको थियो। त्यसपछि डोजरहरू फर्काइएको उनले बताए। तर, त्यहाँ आज बिहान ६ बजेदेखि नै पुनः बस्ती हटाउने काम सुरु हुने उनले बताए।

### पाँच स्थानमा पुनर्स्थापना गरिँदै

सरकारले वास्तविक सुकुमबासीको दीर्घकालीन व्यवस्थापनका लागि पाँच स्थानमा पुनर्स्थापनाको योजना अघि सारेको छ। नागार्जुनको इचंगुनारायण, कीर्तिपुरको सत्संग भवन, भक्तपुरको बोडे, खरीपाटी र चाँदबागका सरकारी संरचनाहरूलाई विकल्पका रूपमा तय गरिएको छ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहका अनुसार पहिलो चरणमा सुरक्षित आश्रय, दोस्रो चरणमा अस्थायी आवास र त्यसपछि दीर्घकालीन पुनर्स्थापनाको योजना छ। वास्तविक सुकुमबासीलाई दुई सातभित्र व्यवस्थित आवासमा लैजाने लक्ष्य राखिएको उनले बताए। प्रधानमन्त्री वालेन्द्र शाहले यो अभियानलाई दीर्घकालीन समाधानतर्फको महत्त्वपूर्ण कदमका रूपमा व्याख्या गरेका छन्। उनले यसअघि नै भनेका छन्, 'नदी किनारमा बसोबास गर्नु जोखिमपूर्ण छ। हरेक वर्ष बाढी आउँदा ठूलो समस्या हुन्छ। त्यसैले सुरक्षित स्थानमा व्यवस्थापन गर्नु आवश्यक छ।'

■■■

## सुकुमबासी राख्न...

तर, सुकुमबासीहरू त्यहाँ जान मानेनन्। जसकारण १४ वर्षदेखि भवन खाली थियो। अहिले एउटा भवनमामात्रै राख्ने सरकारको तयारी छ। त्यहाँ शनिबार बिहानदेखि १४ जना श्रमिकले सफा गर्ने र रङरोगनको काम गरिरहेका छन्। बिजुली नभएका कोठामा बत्ती जडान, मर्मतलगायत गर्ने काम जारी छ। एउटा परिवारका लागि स-साना तीन कोठासहित शौचालय हुनेगरी प्रत्येक तलामा छुट्टाछुट्टै बस्न मिल्नेगरी कोठा बनाइएको छ।

हाल यो भवनमा पानीको आपूर्ति भने छैन। तत्कालीन समयमा सबै कोठामा राखिएका बेडमा सीमितमात्रै प्रयोग गर्न मिल्ने भएको छ। केही शौचालय मर्मत गरेरमात्रै प्रयोग गर्न सकिने छन्। पाँच तले भवनको ४२ वटा कोठामा सुकुमबासीलाई राखिने बताइएको छ।

■■■

## रोजगारीको खोजीमा...

उक्त वर्ष मुलुक भित्रने श्रमिकको संख्या आठ प्रतिशतले वृद्धि हुँदै १२ लाख नौ हजारभन्दा धेरै पुगेको त्यहाँको सामाजिक बिमा कार्यालयको तथ्यांक छ। पोल्याण्डमा कामदार अभाव र जनसांख्यिक दबाबको कारण विदेशी कामदारको संख्या वृद्धि हुँदै गएको जनाइएको छ।

विगतदेखि नै युक्रेनी र बेलारुसी श्रमिकहरू धेरै रहेको उक्त मुलुकमा श्रमशक्तिको संरचना परिवर्तन हुँदै गइरहेको छ। दक्षिण अमेरिका तथा एसियाली क्षेत्रहरूबाट आउने कामदारहरूले पोल्याण्डलाई दीर्घकालीन गन्तव्यको रूपमा हेर्न थालेसँगै यस्तो परिवर्तन आएको जनाइएको छ। त्यहाँ विदेशी श्रमको बढ्दो मागको बाबजुद रोजगारदाताले बढ्दो लागत र प्रशासनिक अवरोधहरू सामना गरिरहेको जनाइएको छ। जसअन्तर्गत रोजगार घोषणाको दर्ता गर्ने खर्चमा अत्याधिक वृद्धि, अनुमतिपत्र जारी हुन लामो समय लाग्ने रहेका छन्।

पोल्याण्डका कम्पनीहरू ट्रक चालक, कम्प्युटर कन्ट्रोल्ड मेसिन अपरेटर, नर्स, प्रोग्रामरजस्ता काममा विदेशी कामदारमाथि निर्भर छन्। पछिल्लो समय विशेषज्ञहरूको माग बढिरहेको जनाइएको छ। त्यहाँका रोजगारदाताले भाषा कौशल र अन्तर्राष्ट्रिय अनुभव भएका कामदार खोजिरहेको बुझिएको छ। त्यहाँको भाषा र आवश्यकतालाई बुझ्न सके उक्त मुलुक नेपालीहरूका लागि राम्रो रोजगार गन्तव्य बन्ने देखिन्छ।

यद्यपि, युरोपेली संघले त्यस क्षेत्रका मुलुक प्रवेशमा गरेका कडाइले भने विदेशी कामदारको प्रवेशलाई प्रभाव पार्न सक्ने इटिआइएएसले जनाएको छ। २०२६ को अप्रिलबाट सञ्चालनमा आएको प्रणालीका अनुसार गैरइयू नागरिकको प्रवेश र निकासीको तथ्यांक राख्ने र पासपोर्ट स्टचाम्पको साटो डिजिटल प्रणालीको प्रयोग गर्न थालेको छ। यसले बायोमेट्रिक विवरण पनि संकलन गरेर कुनै पनि व्यक्ति कति समयसम्म बसिरहेका छ भन्ने अनुगमन गर्छ। जसले गैरकानूनी रूपमा यूरोप छिरेर त्यहिँ बस्ने प्रवृत्तिलाई नियन्त्रण गर्ने छ। पोल्याण्डले पनि गैरकानूनी रूपमा रहेकाहरूलाई रोजगार दिने रोजगारदाताले पालना गर्नुपर्ने नियम र जरिवानामा कडाइ गरेको छ।


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरले आ.व. २०८२।०८३ स्विकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार सव कम्पार्टमेण्ट S1C1 छैठौ वर्षको पुनरूत्पादनबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागि छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान २३९ को २३४१.८८ क्यू.फि. काठ तथा दाउरा साल समेतको ९.०० चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुर**



**हिमोफिलिया सोसाइटी नेपालको बार्षिक साधारण सभा तथा महाधिवेशन सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८३-०१-१३**

यही मिति २०८३ जेष्ठ १६ गते शनिबारका दिन गण्डकी प्रदेशको राजधानी पोखरामा हिमोफिलिया सोसाइटी नेपालको ३२ **औं वार्षिक साधारण** तथा १७ **औं महाधिवेशन** सम्पन्न गर्न निर्णय भएको हुँदा ७ (सातै) प्रदेशबाट केन्द्रिय साधारण सभा तथा महाधिवेशनको लागि प्रतिनिधिको रूपमा तोकिएका प्रतिनिधिहरू मात्र उपस्थित भई सभ्य र भव्य किसिमले सम्पन्न गर्नको लागि सबैमा निमन्त्रणा सहित जानकारी गराइन्छ। साथै, सोसाइटीका सात प्रदेशको कार्यसमितिको बैठक वा प्रदेश साधारणसभाबाट सर्वसहमति गरी साधारणसभाको प्रतिनिधिहरूको नामावलीसमेत पठाइदिनु हुन अनुरोध छ।

**हिमोफिलिया सोसाइटी नेपाल**
**अनामनगर, काठमाडौं**



**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरले आ.व. २०८२।०८३ स्विकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार सव कम्पार्टमेण्ट S1C3 छैठौं वर्षको पुनरूत्पादनबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागी छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान ३५३ को २५१८.६८ क्यू.फि. काठ तथा दाउरा साल समेतको १६.५० चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२औं दिन दिनको १२ वजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुर**



**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस श्री डिपाड सामुदायिक वन उपभोक्ता समूह मनहरी ०६ मकवानपुरले आ.व. २०८२।८३ मा स्वीकृत वन कार्ययोजनामा व्यपस्था भए अनुसार पुनरूत्पादन रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागी छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान ३२५ को ३३५१.८७ क्यू.फि. काठ तथा दाउरा साल समेतको १३.५० चट्टा काठ र दाउरा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**श्री डिपाड सामुदायिक वन उपभोक्ता समूह मनहरी. ०६, मकवानपुर**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, १३ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ अवसर मिल्ने दिन। काममा प्रगति हुनेछ। |
| **वृष** | आर्थिक लाभको संकेत। परिवारसँग समय रमाइलो। |
| **मिथुन** | बोल्दा सोचेर बोल्नुहोस्। सानो विवाद हुन सक्छ। |
| **कर्कट** | मन खुशी रहनेछ। शुभ समाचार सुन्न पाइनेछ। |
| **सिंह** | नेतृत्व गर्ने मौका मिल्नेछ। आत्मविश्वास बढ्नेछ। |
| **कन्या** | स्वास्थ्यमा ध्यान दिनुहोस्। खर्च बढ्न सक्छ। |
| **तुला** | साथीभाइबाट सहयोग मिल्नेछ। यात्रा सम्भव। |
| **वृश्चिक** | काममा सफलता मिल्नेछ। मन प्रसन्न रहनेछ। |
| **धनु** | अध्ययन र नयाँ कुरा सिक्न राम्रो दिन। |
| **मकर** | जिम्मेवारी बढ्नेछ तर सफलता पनि मिल्नेछ। |
| **कुम्भ** | सम्बन्धमा सुधार आउनेछ। प्रेम जीवन राम्रो। |
| **मीन** | ध्यान केन्द्रित गर्न गाह्रो हुन सक्छ। आराम गर्नु राम्रो। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ वैशाख, २०८३ (२६ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९ .७८ | १५० .३८ |
| युरो | १ को | १७५ .९१ | १७६ .६१ |
| पाउन्ड स्टिर्लङ | १ को | २०२ .३५ | २०३ .१६ |
| स्विस फ्रैन्क | १ को | १९१ .६७ | १९२ .४४ |
| अस्ट्रेलियन डलर | १ को | १०७ .२० | १०७ .६३ |
| क्यानाडियन डलर | १ को | १०९ .६७ | ११० .११ |
| सिङगापुर डलर | १ को | ११७ .६३ | ११८ .१० |
| जापानी येन | १० को | ९ .४१ | ९ .४४ |
| चिनियाँ युआन | १ को | २१ .९५ | २२ .०४ |
| साउदी अरब रियाल | १ को | ३९ .९४ | ४० .१० |
| कतारी रियाल | १ को | ४१ .०९ | ४१ .२६ |
| थाई भाट | ख १ को | ४ .६५ | ४ .६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४० .७८ | ४० .९४ |
| मलेसियन रिङेट | १ को | ३७ .९० | ३८ .०५ |
| दक्षिण कोरियन वन | १०० को | १० .१३ | १० .१७ |
| स्विडिस क्रोनर | १ को | १६ .३३ | १६ .४० |
| डेनिस क्रोनर | १ को | २३ .५४ | २३ .६३ |
| हङकङ डलर | १ को | १९ .१२ | १९ .२० |
| कुवेती दिनार | १ को | ४८८ .७६ | ४९० .७२ |
| बहराइन दिनार | १ को | ३९७ .२९ | ३९८ .८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

## सुकुमबासी बस्तीमा डोजर चलेपछि...



















१) र २) काठमाडौंको थापाथलीस्थित सुकुमबासी बस्तीमा निर्माण गरिएका घर टहरासहितका संरचना भत्काउन शनिबार डोजर लगाइँदै ।
३) थापाथलीस्थित बागमती नदी किनारमा बसोबास गर्दै आइरहेका सुकुमबासी/भूमिहीनको त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा लगत संकलन गरिँदै ।
४) थापाथलीस्थित बागमती किनारमा रहेका सुकुम्बासी बस्तीका नागरिकलाई शनिबार कीर्तिपुरको सुन्दरीघाटस्थित राधास्वामी सत्संगमा व्यवस्थापन गरिँदै ।
५) काठमाडैं महानगरपालिका-९ स्थित गैरीगाउँ क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका टहरासहितका संरचना भत्काउन शनिबार डोजर लगाइँदै ।
६) गैरीगाउँ क्षेत्रमा शनिबार दिउँसो भत्काइएको सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका टहरासहितका संरचना ।

*तस्बिरहरू: रासस*

# घरमै राहदानी पुऱ्याउन प्रशासन र हुलाकबीच सहकार्य

**काभ्रेपलाञ्चोक (प्रस)–** घरमै राहदानीलगायत प्रशासनिक सामग्री पुऱ्याउन काभ्रेका नागरिकलाई सरकारी सेवा सहज र सुलभ बनाउने उद्देश्यले जिल्ला प्रशासन कार्यालय धुलिखेल र जिल्ला हुलाक कार्यालयबीच शुक्रबार सम्झौता भएको छ।

सम्झौतापछि जिल्लास्थित प्रशासन कार्यालयबाट प्रदान गरिने राहदानी तथा अन्य भौतिक वस्तु सेवा अब हुलाकमार्फत नागरिकको घरमै पुऱ्याइने भएको हो। सरकारी सेवा लिन कार्यालयसम्म धाउनुपर्ने झण्झट कम गर्ने लक्ष्यसहित गरिएको यो पहलले विशेषगरी वृद्धवृद्धा, अशक्त, व्यस्त नागरिक तथा दुर्गम क्षेत्रमा बसोबास गर्ने सेवाग्राहीलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको जनाइएको छ। सेवाग्राहीले आवश्यक प्रक्रिया पूरा गरी घरमै सेवा उपलब्ध गराइदिन अनुरोध गरेमा राहदानीलगायतका सामग्री सुरक्षित रूपमा घरसम्म पुऱ्याइने भएको हो।

जिल्ला प्रशासनद्वारा आयोजित पत्रकार सम्मेलनमा सहायक प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाई र हुलाक कार्यालय प्रमुख दीपककुमार नेपालीले सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार जिल्ला प्रशासन कार्यालयबाट तयार पारिएका सामग्री छिटो, सुरक्षित र जिम्मेवार ढंगले सम्बन्धित व्यक्तिसम्म पुऱ्याउने दायित्व जिल्ला हुलाक कार्यालयको हुने छ। त्यस्तै, टिकट शुल्कको व्यवस्था गर्नुका साथै सेवाग्राहीको सही र स्पष्ट ठेगाना उपलब्ध गराउने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयले वहन गर्ने जनाइएको छ।

यो व्यवस्था लागू भएपछि नागरिकले राहदानी लिन लामो लाइन बस्नुपर्ने, पटक-पटक कार्यालय धाउनुपर्ने तथा अनावश्यक समय खर्च गर्नुपर्ने अवस्थाको अन्त्य हुने विश्वास गरिएको छ । सरकारी सेवामा प्रविधि र व्यवस्थापन सुधारको उदाहरणका रूपमा हेरिएको यस कदमले सेवा प्रवाहलाई अझ प्रभावकारी र जनमैत्री बनाउने अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए।


**बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ. ०५ मकवानपुरले आ.व. २०८२।०८३ स्विकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार सब कम्पार्टमेण्ट S1C10 बाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागी छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान १३६ को १८७८.४८ क्यू.फि. काठ तथा दाउरा साल समेतको ५.०० चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री दक्षिणकाली सामुदायिक वन उपभोक्ता समूह, राक्सिराङ. ०५ मकवानपुर**



**बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस श्री सुन्दर सामुदायिक वन उपभोक्ता समूह मनहरी ०६ मकवानपुरले आ.व. २०८२।८३ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार ढलापाडा रूखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागी छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान १५५ को १२९६.९३ क्यू.फि. काठ र आ.व. २०८१।०८२ मा जिल्ला वन पैदावार आपुर्ति समितिलाई छुट्याईएको काठ फिर्ता भएको साल गोलिया थान ८८ को ७००.४४ क्यूफिट काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२औं दिन दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सुन्दर सामुदायिक वन उपभोक्ता समूह मनहरी ०६ मकवानपुर**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## डोजरको गतिमै पुनर्स्थापना गरियोस्

काठमाडौंका विभिन्न नदी किनारमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमबासी बस्तीहरूमा शनिबारदेखि डोजर चल्न थालेका छन् । प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनमा थापाथली, गैरीगाउँ, शान्तिनगर र मनोहरा क्षेत्रका अनधिकृत संरचना भत्काएर सार्वजनिक जग्गा फर्काउने अभियानले तीव्रता पाएको छ । सार्वजनिक जग्गाको संरक्षण र नदी किनारलाई सुन्दर बनाउने सरकारको लक्ष्य सकारात्मक देखिए पनि यस प्रक्रियाले उठाएका केही गम्भीर मानवीय र राजनीतिक प्रश्नहरूमा मौन रहन सकिँदैन ।

सुकुमबासी समस्या काठमाडौंको एउटा पुरानो घाउ हो । हरेक वर्ष बाढीको जोखिम मोलेर नदी किनारमा बस्नु उनीहरूको रहर नभई बाध्यता हो । सरकारले अहिले 'लाइन–अप' मोडल अपनाएर, एम्बुलेन्स र बसको व्यवस्था गरी मानवीय संवेदनशीलता देखाउन खोजेको दाबी त गरेको छ, तर वर्षौंदेखि ओत लागेको घर भत्किँदा एक परिवारमा पर्ने मनोवैज्ञानिक र आर्थिक चोटको क्षतिपूर्ति केवल अस्थायी बसोबासले मात्र हुन सक्दैन । विस्थापितहरूलाई होटलमा राख्नु एउटा तत्कालीन राहतमात्र हो । मूल प्रश्न त यो छ कि– के सरकारले उनीहरूलाई स्थायी आवास दिलाउन त्यही तत्परता देखाउला जुन तत्परता डोजर चलाउन देखायो ?

विगतको इतिहास साक्षी छ, सुकुमबासीहरू राजनीतिक दलका लागि केवल 'भोट बैंक' मात्र बन्दै आएका छन् । निर्वाचनका बेला लालपुर्जाको आश्वासन दिने र सत्तामा पुगेपछि डोजर लिएर आउने प्रवृत्तिले राज्य र नागरिकबीचको विश्वासको खाडल झन् फराकिलो बनाएको छ । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको कार्यकालमा नागार्जुनमा बनाइएका अपार्टमेन्टहरू १४ वर्षसम्म प्रयोगविहीन रहनु राज्यको लापरवाहीको पराकाष्ठा हो । यदि ती भवनहरूमा सुकुमबासीलाई सारिएको भए आज यस्तो अस्तव्यस्त अवस्था सिर्जना हुने थिएन ।

अबको बाटो स्पष्ट हुनुपर्छ । पहिलो, सरकारले वास्तविक सुकुमबासी र हुकुम्बासीबीचको वर्गीकरण तत्काल टुंग्याउनुपर्छ । दोस्रो, वास्तविक सुकुमबासीलाई नागार्जुनको अपार्टमेन्ट वा अन्य विकल्पमा स्थायी रूपमा व्यवस्थापन गरिनुपर्छ । उनीहरूलाई आवासमात्र होइन, शिक्षा, स्वास्थ्य र रोजगारीको पहुँच सुनिश्चित गरेरमात्र उनीहरूको मानवअधिकारको सम्मान हुन सक्छ ।

सुकुमबासीका नाममा हुने राजनीति अब सदाका लागि अन्त्य हुनुपर्छ । सरकारले डोजर चलाएर संरचना भत्काउन जति सक्रियता देखायो, उनीहरूको जीवन व्यवस्थित गर्न र न्याय दिन पनि त्यति नै दृढता देखाउनु आवश्यक छ । सुकुमबासीको समस्यालाई बल प्रयोगबाट होइन, उचित व्यवस्थापन र दीर्घकालीन समाधानबाट मात्र टुंग्याउन सकिन्छ । नागरिकलाई घरबारविहीन बनाएर सहर सुन्दर बनाउन खोज्नुभन्दा, नागरिकलाई सुरक्षित आवास दिएर सहरको सभ्यता जोगाउनु नै लोकतान्त्रिक सरकारको वास्तविक सफलता हो । विस्थापितहरूलाई न्याय देऊ र मानवअधिकारको पूर्ण पालना गर !

## श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# विश्वकप लिग–२ मा सतप्रतिशत जितको खोजी



❑ नवीन लुईंटेल

"नेपाल, ओमान र युएईबीचको शृंखला यही वैशाख १२ गतेदेखि २२ गतेसम्म हुने भएको छ । यसअघि नै हुने तय भए पनि इरान र अमेरिकाबीचको तनावका कारण भएको पश्चिम एसियाको संकटका कारण स्थगित भएको थियो । नेपालले वैशाख १२ गते शनिबार युएईसँग, वैशाख १६ गते बुधबार ओमानसँग, वैशाख १८ गते शुक्रबार युएईसँग र वैशाख २२ गते मंगलबार ओमानसँग खेल्ने छ ।

आइसिसी क्रिकेट विश्वकप लिग-२ मा शीर्ष छ स्थानभित्र पुग्न नेपालका केही दिनपछि हुने दुईवटा शृंखलामा पाँच खेलमा सुखद नतिजा निकाल्नुपर्ने भएको छ । युएई, ओमान र नेपालबीचको एउटा शृंखलामा चारवटा खेल र स्कटल्याण्ड, अमेरिका र नेपालबीचको अर्को शृंखलामा थप चारवटा खेल गरी कूल आठ खेलबाट नेपालले यो प्रतियोगितामा शीर्ष छ भित्र प्रवेश गर्न कम्तीमा पाँच खेल जित्नुपर्ने छ ।

जम्मा २० खेलबाट १२ अंक जोडेर सातौं स्थानमा रहेको नेपालका लागि आफूभन्दा माथिल्लो तालिकामा रहेका नामिबिया र क्यानडालाई उछिन्न कम्तीमा पाचौं खेलको जित पर्याप्त हुने छ भने चौथो स्थानमा रहेको नेदरल्याण्ड्सलाई भेट्टाउन सबै खेलमा राम्रो स्कोरका जित आवश्यक छ । २१ अंक जोडेर छैटौं स्थानमा रहेको क्यानडा, २२ अंकसहित पाँचौं स्थानमा रहेको नामिबियालाई तथा २८ अंकसहित चौथो स्थानमा रहेको नेदरल्याण्ड्सलाई पछाडि पार्न लगातार खेल जित्नुको विकल्प रहने छैन । अघिल्लो संस्करणको जस्तो खेलको नतिजा आए शीर्ष चारसम्म पुग्न ती आठ खेल नै काफी हुन्छन् । तर सधैं त्यही खालको नतिजा आउँछ भन्ने हुँदैन ।

यसपटकको खेलमा नेपाली टिममा रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी उपकप्तान, कुशल भूर्तेल, आशिफ शेख, भिम विश्वकर्मा, आरिफ शेख, बासिर एहेमद, गुल्सन झा, सोमपाल कामी, सन्दीप लामीछाने, ललित राजवंशी, विनोद भण्डारी, नन्दन यादव, अर्जुन कुमाल र करण केसी छन् । मुख्य प्रशिक्षक स्टुआर्ट ल हुन् भने सहायक प्रशिक्षकहरूमा कलाम अली र बसन्त शाही रहेका छन् ।

### सहज छैन यात्रा

अघिल्लो संस्करणभन्दा यसपटकको आइसिसी क्रिकेट विश्वकप लिग-२ नेपालका लागि फरक देखिएको छ । यही वैशाखको १२ देखि जेठको ८ गतेसम्म हुने दुईवटा फरक-फरक शृंखला नेपालका लागि त्यति सहज हुने देखिएको छैन । विश्लेषकहरूका अनुसार पछिल्लो समय नेपालको एकदिवसीय म्याचमा प्रदर्शन राम्रो देखिएको छैन । नेपाल एक दिवसीय मान्यता जोगाउनै संघर्षरत रहेको छ । धेरै नयाँ खेलाडी हुनु र तयारी पनि त्यत्ति पर्याप्त नहुँदा नतिजामा प्रभाव पर्न सक्छ । अहिले पाँचौं स्थानमा रहेको नामिबियाले २८ खेल खेलिसकेको छ, नेपालले राम्रो खेल्दै उसको स्थानमा जाने सम्भावना हुन सक्छ ।

अघिल्लो संस्करणको भन्दा अवस्था फरक छ, नेपाल 'वान डे' स्टाटस् जोगाउन संघर्षरत छ । क्यानडा र युएईसँगका खेल हार्नु नै नेपालका लागि चुनौती थपिएको हो । शीर्ष तीन स्थानमा रहेका अमेरिका, स्कटल्याण्ड र ओमानसँग वैशाख र जेठमा खेल्दै गर्दा उनीहरूसँगको नतिजा सतप्रतिशत आउँछ भन्ने ढुक्क छैन तर अगाडि बढ्न यसमा सतप्रतिशत नतिजा नआए शीर्ष छ भित्रै अटाउन कठिन बन्न सक्छ ।

### लिग–२ का प्रतिस्पर्धी

नेपाल, ओमान र युएईबीचको शृंखला यही वैशाख १२ गतेदेखि २२ गतेसम्म हुने भएको छ । यसअघि नै हुने तय भए पनि इरान र अमेरिकाबीचको तनावका कारण भएको पश्चिम एसियाको संकटका कारण स्थगित भएको थियो । नेपालले वैशाख १२ गते शनिबार युएईसँग, वैशाख १६ गते बुधबार ओमानसँग, वैशाख १८ गते शुक्रबार युएईसँग र वैशाख २२ गते मंगलबार ओमानसँग खेल्ने छ ।

नेपालले गत नोभेम्बर र अक्टोबरमा भएको शृंखलामा युएईसँग दुवै खेल हारेको थियो भने ओमानसँग २०२४ को सेप्टेम्बरमा भएको प्रतिस्पर्धामा दुईमध्ये एक खेलमा पराजय भोगेको थियो । अर्को खेल भने स्थगित भएको थियो । लिग-२ तालिकामा नेपाल २० खेलमा पाँच जितसहित १२ अंकका साथ पुछारबाट दोस्रो अर्थात् सातौं स्थानमा छ । नेपालले दुई खेलबाट एक-एक अंक बटुलेको छ । स्कटल्याण्ड र ओमानसँगको एक-एक खेल रद्द भएर दुवै टिमले अंक बाँडेका थिए ।

ओमान २३ खेलमा १३ जित र सात हारसँगै २९ अंकसहित तेस्रो स्थानमा छ । यसैगरी नेपाल जति नै समान २० खेल खेलेको युएई पाँच जित र १५ हारका साथ १० अंक बटुल्दै तालिकाको पुछारमा छ । यस्तै ओमान र युएई सम्मिलित शृंखला सकिएको अर्को सातामै फेरि नेपाल, अमेरिका र स्कटल्याण्ड सम्मिलित अर्को शृंखला सुरु हुने छ । उक्त शृंखला वैशाख २९ गतेदेखि जेठ ८ गतेसम्म चल्ने छ । नेपालले वैशाख २९ गते मंगलबार स्कटल्याण्डसँग खेल्ने छ । यसैगरी जेठ २ गते शनिबार अमेरिकासँग खेल्ने छ भने जेठ ४ गते सोमबार पुनः स्कटल्याण्डसँग र जेठ ८ गते शुक्रबार पुनः अमेरिकासँग नेपालले प्रतिस्पर्धा गर्ने छ ।

दुवै शृंखला त्रिवि क्रिकेट मैदानमा हुने छ । सबै खेल बिहान ९:३० बजे सुरु हुने छ । नेपालले अमेरिकासँग यसअघि गत अक्टोबर-नोभेम्बरमा भएको प्रतिस्पर्धामा दुवै खेल हारेको थियो भने सन् २०२४ को अक्टोबर नोभेम्बरको दुवै खेलमा पनि नेपाल अमेरिकासँग स्तब्ध भएको थियो । गत जुनमा भएको शृंखलामा स्कटल्याण्डसँगको एक खेल जितेको नेपालले अर्को खेल भने उसैलाई सुम्पिएको थियो । सन् २०२४ को अक्टोबर नोभेम्बरको प्रतिस्पर्धामा एक खेल स्कल्याण्डसँग निराश बन्दा अर्को खेल रद्द हुँदा दुवैले अंक बाँडेका थिए ।

### तालिकामा अमेरिकाको दबदबा

आइसिसी क्रिकेट विश्वकप लिग-२ तालिकामा अमेरिका २४ खेलमा १८ जित र छ हारका साथ ३६ अंक जोडेर शीर्षस्थानमा छ भने स्कटल्याण्ड २८ खेलमा १४ जित र आठ हारका साथ ३४ अंक जोडेर दोस्रो स्थानमा छ । स्कटल्याण्डले छ वटा खेलमा एक-एक अंक जोडेको छ । तेस्रो स्थानको ओमानसँग २४ खेलमा २९ अंक छ भने चौथो स्थानको नेदरल्याण्ड्सको २४ खेलमा १३ जित र नौ हारका साथ २८ अंक छ । उसको थप दुई अंक खेल रद्द हुँदा प्राप्त भएको छ । यसैगरी नामिबियाले २८ खेलबाट १० जित, दुई खेल नतिजाविहीन र १६ हारका साथ २२ अंक बनाएको छ । नामिबिया पाँचौं स्थानमा छ । क्यानडा २४ खेलमा नौ जित, तीन नतिजाविहीन खेलको तीन अंकसँगै २१ अंकका छैटौं स्थानमा छ । युएईले २० खेलमा पाँच जित र १५ हारबाट १० अंकमात्रै बनाएको छ । युएई तालिकाको पुछारमा छ ।

अहिलेसम्म भएका खेलका नतिजा

सन् २०२४ को फेब्रुअरीमा कीर्तिपुरस्थित त्रिवि मैदानमा आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत नेपाल, नामिबिया र नेदरल्याण्ड्सबीच प्रतिस्पर्धा भएको थियो । जसमा नेपालले पहिलो खेलमा नामिबियासँग चार विकेटले हार्न पुग्यो भने दोस्रो खेलमा नेदरल्याण्ड्सलाई नौ विकेटले हराउन सफल भयो । तेस्रो खेलमा गएर नामिबियासँग दुई विकेट पराजित हुँदा चौथो खेलमा नेदरल्याण्ड्सले नेपाललाई आठ विकेटले निराश बनाइदियो । यो शृंखलामा नेपालले मात्र दुई अंक जोड्न सक्यो ।

सन् २०२४ को सेप्टेम्बरमा क्यानडामा भएको चार खेलमा नेपालले कुनै पनि खेल जित्न सकेन । सो टुरमा क्यानडाले पहिलो खेलमा १०३ रनले तथा अर्को खेलमा पाँच विकेटले हरायो । ओमानसँगको पहिलो खेल एक विकेटले नेपाालले सुम्पियो । अर्को खेल रद्द हुँदा यो टुरमा नेपालको खातामा एक अंकमात्र रह्यो ।

सन् २०२४ कै अक्टोबर र नोभेम्बरमा अमेरिकाको डल्लासमा भएको आइसिसी क्रिकेट विश्वकप लिग-२ को अर्को शृंखला पनि नेपालका लागि त्यत्ति सुखद रहेन । तैपनि नेपालले यो टुरबाट तीन अंक बटुल्यो । स्कटल्याण्डसँगको खेल नतिजाविहीन हुँदा नेपालले त्यसबाट एक अंक पायो भने अर्को खेलमा स्कटल्याण्डलाई नै पाँच विकेटले पाखा लगायो । घरेलु दर्शक र मैदानको साथ पाएको अमेरिकाले भने दुवै खेल आफ्नो पक्षमा पाऱ्यो । अमेरिकाले पहिलो खेलमा ३७ रनले तथा अर्को खेलमा तीन विकेटले नेपाललाई हरायो ।

सन् २०२५ को जुनमा स्कटल्याण्डमा भएको शृंखला नेपालका लागि सुखद रह्यो । खेलेका चार खेलमा तीन खेल जित्दै अघिल्ला तीन वटा शृंखलाबाट प्राप्त जत्तिकै छ अंक बटुल्यो । नेपालले आयोजक स्कटल्याण्डलाई पहिलो खेलमा एक विकेटले हरायो भने अर्को खेलमा स्कटल्याण्डसँग दुई रनले हार्न पुग्यो । यी दुवै खेलमा अन्तिम बलले जित र हारको निर्णय गरेको थियो । यो टुरमा नेदरल्याण्ड्स दुवै खेलमा नेपालसँग पराजित भयो । पहिलो खेलमा पाँच विकेट र दोस्रो खेलमा १६ रनले नेदरल्याण्ड्स पराजित भयो ।

सन् २०२५ को अक्टोबर नोभेम्बरमा युएईको दुबईमा भएको शृंखला नेपालका लागि पीडादायी रह्यो । युएई र अमेरिकासँगका सबै खेल नेपालले हार्न पुग्यो । युएईले पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा पाँच विकेटले हरायो । यस्तै अमेरिकाले पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा १०६ रनले पाखा लगायो ।

### रोहित एकदिवसीय मात्र कप्तान

डब्लुसिएल-२ मा राम्रो नतिजा ल्याउनका लागि भनेर कप्तान रोहित पौडेललाई टी-२० फर्माटको कप्तानसहित खेलाडी सूचीबाटै हटाइएको छ । उनी यसअघि टी-२० र एकदिवसीय दुवै टिमका कप्तान थिए । क्यानले टी-२० को कप्तान दीपेन्द्रसिंह ऐरीलाई बनाएको छ । डब्लुसियलमामात्र फोकस गरेर टिममा राम्रो नतिजा दिन यो निर्णय लिइएको नेपाल क्रिकेट संघ क्यानले जनाएको छ । कप्तान रोहितसहित केही अनुभवी र नियमित खेलाडी पनि टी-२०आई टोलीबाट हटाइएका थिए । रोहितसहित अनुभवी खेलाडीहरू करण केसी, सोमपाल कामी, ललित राजवंशी र आसिफ शेख टोलीमा नपरेपछि नयाँ युवा क्रिकेटरले अवसर पाएका छन् । *रासस*

## पाठक मञ्च

## देशभरबाट हटाऔं 'हुकुम्बासी'

सुकुम्बासी मुलुकको जटिल समस्यामध्ये एक हो । देशभर सुकुम्बासीको नाममा खोला किनारा, गुठी, सरकारी, सार्वजनिक, ऐलानी, हदबन्दीभन्दा बढी, राजपरिवारको जग्गा, तालपोखरी, वनजंगलको जग्गा कब्जा गरेर लाखौं मानिस बसोबास गरिरहेका छन् । तर, सुकुम्बासी भन्दै सरकारी सम्पत्ति कब्जा गर्नेहरू प्रायः हुकुम्बासी छन् ।

आनाकै २५ लाखदेखि करोड मूल्य पर्ने जग्गा पाउने लोभमा हुकुम्बासीहरू सुकुम्बासी बनेका छन् । पुराना राजनीतिक दलले आफ्नो भोट बैंक बनाउनका निम्ति तिनलाई लालपुर्जा बाँडेका छन् । नेकपा एमाले, नेपाली कांग्रेस, तत्कालीन नेकपा माओवादीको सरकार हुँदा लालपुर्जा बाँडिएको छ ।

तत्कालीन प्रधानमन्त्रीहरू लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, खिलराज रेग्मी, सुशीला कार्कीलगायतको पालोमा पनि सरकारी सम्पत्ति व्यक्तिको नाममा दिइएको छ । नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, मधेसी दलका कार्यकर्ताहरूले पनि देशका विभिन्न ठाउँमा सरकारी सम्पत्ति कब्जा गरेका छन् ।

आफू सत्तामा पुग्न र नेता बन्नका लागि धमाधम सरकारी सम्पत्ति बाँडियो । सरकारी सम्पत्ति बाँड्ने, भोट लिने काम राजनीतिक दलहरूले गरे । जसका कारण मुलुकमा बर्सेनि सुकुम्बासीको संख्या बढ्दै गएको छ । जग्गा पाउने लोभमा सम्पत्ति भएकाहरू सुकुम्बासी भन्दै सरकारी जग्गा ओगटेर बसेका छन् ।

वालेन्द्र शाह नेतृत्वको सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाउँदै छ । काठमाडौं उपत्यकामामात्रै नभई अब देशबाटै सुकुम्बासी बस्ती हटाउनुपर्छ । यहाँ कोही पनि सुकुम्बासी छैन । गरिखान सक्ने भएपछि के को सुकुम्बासी ? पुराना दलले आफ्नो पार्टी ठूलो बनाउन सुकुम्बासीको नारा लगाए ।

जुनसुकै दलको सरकार बने पनि धमाधम लालपुर्जा बाँडियो । वालेन्द्र सरकारले क-कसले सुकुम्बासीको नाममा जग्गा लिएका छन् ? छानबिन गर्नुपर्छ । त्यस्ता लालपुर्जा खारेज गर्नुपर्छ । वास्तविक सुकुम्बासी हो भने रोजगारी देऊ, जग्गा होइन । काम गर्ने, कमाउने अनि जग्गा जोड्ने ।

सित्तैमा करोडौंको जग्गा पाउने भएपछि को सुकुम्बासी बन्दैन ? जग्गा दिने काम गलत छ । सरकारबाट लालपुर्जा लिन्छन्, जग्गा बेच्छन्, त्यो पैसा लगेर अर्काको नाममा राख्छन् अनि फेरि अर्को ठाउँ ओगट्न पुग्छन् । सुकुम्बासीको नाममा जग्गा कब्जा गर्ने, काम नगर्ने । जो वास्तविक सुकुम्बासी हो, राज्यले रोजगारी दिओस् ।

विदेश जान चाहनेलाई राज्यले लगानी गरेर पठाओस्, कमाएर रकम फिर्ता गर्ने सर्तमा । तर, जग्गा नबाँडौं । जग्गा बाँड्दा राज्यको सम्पत्तिको चरम दुरूपयोग भयो । यो सरकारले सुकुम्बासीको नाममा गएको जग्गा फिर्ता ल्याउनुपर्छ । भूमाफिया र राजनीतिक दलको मिलेमतोमा कब्जा भएर सरकारी सम्पत्ति पनि सरकारकै नाममा ल्याउनुपर्छ ।

२०२१ सालअघि कति सरकारी सम्पत्ति थियो ? कहाँ-कहाँ थियो ? खोताल्नुपर्छ । सरकारी सम्पत्ति सरकारको नाममा ल्याएर संरक्षण गर्नुपर्छ । राज्यको सम्पत्ति कब्जा गरेर अर्बौंको मालिक बनेका छन् । सबै जनताले काम गरे भने राज्यलाई कर पनि आयो । राजाले सबै पैसा श्रीमतीको नाममा विदेशी बैंकमा लगेर लुकाए भनी राजनीतिक दलहरूले भ्रमको खेती गरे ।

जनताले उनीहरूको कुरा पत्याए । आन्दोलनमा उत्रिए, पञ्चायती व्यवस्था ढल्यो । खोइ त पैसा ? भएको भए अहिलेसम्म किन ल्याएनन् ? माओवादीले छिमेकी देशले कब्जा गरेको जग्गा फिर्ता ल्याउँछु भन्यो । तर, पटक-पटक सरकारमा जाँदा किन फिर्ता ल्याइएन ? २०२१ सालमा राजा महेन्द्रले भूमि ऐन ल्याए ।

नेमकिपाले आफूले भूमि ऐन ल्याएको भनी भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा चुनाव जितिरह्यो । देशमा वैदेशिक ऋण ३२ खर्ब पुगिसकेको छ । राजतन्त्र हटेर लोकतन्त्र गणतन्त्र आयो तर देशले के पायो ? ऋण ? नेताहरूले हामी विकास गर्छौं भने । राजा ज्ञानेन्द्र वीरविक्रम शाहले देश बन्छ भने ठीकै छ भनेर आफ्नो श्रीपेच निकाले ।

नागार्जुनको जंगलमा गएर उनी बसिरहेका छन् । राजनीतिक दलले देशमा के गरे ? न विकास भयो न जनताको अवस्थाको अवस्था फेरियो । वालेन्द्र सरकारले पुराना राजनीतिक दलका नेतामाथि छानबिन गरोस् । देश लुट्नेहरूलाई जेल कोचोस् । भारत र चीनले कब्जा गरेको नेपाली भूभाग फिर्ता ल्याउन पहल गरोस् ।

वैदेशिक ऋण मिनाहाको बाटोमा सरकार लागोस् । ज-जसले सरकारी सम्पत्ति कब्जा गरेको छ, कानुनको दायरामा ल्याइयोस् । काठमाडौंबाट सुरु भएको सुकुम्बासी बस्ती हटाउने अभियान देशभर लागू होस् । ७७ जिल्लाकै सिडिओ कार्यालयलाई परिपत्र गरेर सुकुम्बासी हटाउन थालौं ।

-**अनुसा थापा**, भक्तपुर

# सुदूरपश्चिममा औलो संक्रमण: निवारणको लक्ष्यप्राप्ति चुनौतीपूर्ण

■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** सुदूरपश्चिम प्रदेशमा औलोको ग्राफ पुनः बढ्न थालेको छ । निवारणको लक्ष्यनजिक पुगिसकेको अवस्थामा फेरि संक्रमण बढ्दा स्वास्थ्य क्षेत्रमा गम्भीर चिन्ता र चुनौती थपेको छ । नेपालले सन् २०३० सम्म स्थानीय औलो (मलेरिया) शून्यमा झार्ने लक्ष्य लिएको भए पनि सुदूरपश्चिममा पछिल्लो अवस्थाअनुसार लक्ष्यप्राप्ति चुनौतीपूर्ण देखिएको छ ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्यांकअनुसार प्रदेशभर कूल ३८७ जनामा औलो पुष्टि भएको छ । तीमध्ये ३७३ आयातीत र १४ स्थानीय (इण्डिजिनस) 'केस' रहेका छन् । यसले प्रदेशमा औलोको मुख्य स्रोत अझै बाह्य (आयातीत) रहेको देखाउँछ, तर स्थानीयस्तरमै संक्रमण देखिनु थप चिन्ताजनक पक्ष रहेको जानकारहरू बताउँछन् ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय राजपुर डोटीका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीका अनुसार हालै प्रदेशका विभिन्न स्थानीय तहमा १५ जना स्थानीय औलोका बिरामी फेला परेका छन् । डडेलधुराको गन्यापधुरा गाउँपालिका-५ र परशुराम नगरपालिका-२, बैतडीको मेलौली नगरपालिका-२ र पञ्चेश्वर गाउँपालिका-२, कञ्चनपुरको बेलौरी नगरपालिका-२ तथा कैलालीको कैलारी गाउँपालिका-२ मा स्थानीय संक्रमण देखिएको हो ।

जिल्लागतरूपमा हेर्दा सबैभन्दा बढी कैलालीमा २०४, कञ्चनपुरमा ५७, अछाममा ५१, डोटीमा ३१, बाजुरामा २२, डडेलधुरामा १२, बैतडीमा आठ र दार्चुलामा दुई जना औलोका बिरामी देखिएका छन् । 'सीमावर्ती जिल्ला कैलाली र कञ्चनपुरमा औलो संक्रमणका बढी केस देखिनुले भारतसँगको खुला सीमा प्रमुख जोखिमका रूपमा देखिएको छ,' अधिकृत जोशीले भने, 'विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डअनुसार कुनै देश वा क्षेत्रमा लगातार तीन वर्षसम्म स्थानीय औलो शून्य भएमात्र औलो निवारण प्रमाणपत्र प्राप्त हुन्छ । सो लक्ष्यनजिक पुगेको अवस्थामा सुदूरपश्चिममा देखिएको पुनः वृद्धिले समस्या पैदा गरेको छ ।'

प्रजातिगतरूपमा औलो संक्रमण अझ जटिल बन्दै गएको देखिन्छ । उपलब्ध विवरणअनुसार सुदूरपश्चिममा 'प्लाज्मोडियम भाइभ्याक्स'का सबैभन्दा बढी ३२८ बिरामी देखिएका छन् । सबैभन्दा खतरनाक र घातक मानिने 'प्लाज्मोडियम फाल्सिपेरम'बाट प्रभावित बिरामी ५४ जना रहेका छन् ।

> प्रदेशका विभिन्न स्थानीय तहमा १५ जना स्थानीय औलोका बिरामी फेला परेका छन् । डडेलधुराको गन्यापधुरा गाउँपालिका-५ र परशुराम नगरपालिका-२, बैतडीको मेलौली नगरपालिका-२ र पञ्चेश्वर गाउँपालिका-२, कञ्चनपुरको बेलौरी नगरपालिका-२ तथा कैलालीको कैलारी गाउँपालिका-२ मा स्थानीय संक्रमण देखिएको हो ।

'प्लाज्मोडिम ओभल'बाट प्रभावित तीन जना बिरामी देखिएका छन् । 'यस परजीविबाट औलो संक्रमित बिरामी विरलै भेटिने गरेका छन्,' अधिकृत जोशीले भने, 'धेरैजसो अफ्रिकी मुलुकमा पाइन्छन्, सुदूरपश्चिममा यसका केसहरू देखिनु यी बिरामी अफ्रिकी मुलकबाट आएका हुन सक्छन् ।'

'प्लाज्मोडियम मिक्सड इन्फेक्सन' भएका दुई जना बिरामी देखिएका छन् । एकभन्दा बढी औलोका परजीवीले एकै साथ आक्रमण गर्छन् भने त्यसलाई 'मिक्स' संक्रमण भन्ने गरिन्छ । सुदूरपश्चिममा औलो पुनः बढ्नुका पछाडि बहुआयामिक कारणहरू छन् । 'आयातीत औलोको समयमै पहिचान हुन नसक्नु, राज्यका सीमित स्रोतसाधनका कारण प्रभावकारी नियन्त्रण कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुनु र जलवायु परिवर्तनका कारण लामखुट्टेको बासस्थान हिमाली क्षेत्रसम्म विस्तार हुनु प्रमुख कारणका रूपमा रहेका छन्,' अधिकृत जोशीले भने ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. खगेन्द्र बमका अनुसार संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा अफ्रिकी मुलुक गएका सुरक्षाकर्मी तथा भारतका विभिन्न सहरमा मौसमी काम गरेर फर्किने श्रमिकमा आयातीत औलो बढी देखिन्छ । आयातीत औलोको समयमै पहिचान हुन नसक्नु, राज्यको सीमित स्रोतसाधनका कारण गहन तरिकाले औलो निवारण गतिविधि सञ्चालन हुन नसक्नु, जलवायु परिवर्तनका कारण लामखुट्टेको उपस्थिति तराइ, पहाड हुँदै हिमाली जिल्लासम्म पुग्नु र लामखुट्टे नियन्त्रणका लागि अत्याधुनिक साधन प्रयोग हुन नसक्नुले औलोको जोखिम बढ्दै गएको उनको भनाइ छ ।

'चुनौतीकाबीच औलो नियन्त्रणका लागि पहल तीव्र पारेका छौं । सुदूरपश्चिममा कीट विज्ञान प्रयोगशाला सञ्चालनमा रहेको छ, जहाँ लामखुट्टेको अध्ययन, कीट अनुसन्धानको कार्य निरन्तररूपमा भइरहेको छ,' उनले भने, 'कीटनाशकको प्रभावकारिता परीक्षण तथा अनुसन्धान कार्य भइरहेको छ, यसका साथै स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि, निगरानी प्रणाली सुदृढीकरण, रणनीति कार्यान्वयन तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन् ।'

स्वास्थ्यविज्ञहरूका अनुसार अबको प्राथमिकता आयातीत केसहरूको कडाइका साथ निगरानी, सीमामा स्वास्थ्य जाँच सुदृढीकरण, स्थानीय तहमा सक्रिय खोजपड्ताल र जनचेतना विस्तार हुनुपर्छ । साथै, जलवायु परिवर्तनका असरलाई मध्यनजर गर्दै लामखुट्टे नियन्त्रणका आधुनिक प्रविधि प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

साथै, नागरिक तहमा सचेतना अत्यन्त महत्त्वपूर्ण रहेको स्वास्थ्यकर्मीहरूको भनाइ छ । झुलको नियमित प्रयोग, पानी जम्ने स्थान हटाउने, लामखुट्टेको टोकाइबाट बच्ने र ज्वरो आएमा तुरुन्त स्वास्थ्य परीक्षण गराउने बानीले औलो नियन्त्रणमा ठूलो योगदान पुऱ्याउनसक्ने कञ्चनपुरको शुक्लाफाँटा स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्ट बताउँछन् ।

'सुदूरपश्चिम प्रदेश औलो निवारण लक्ष्य नजिक पुगे पुनः जोखिमतर्फ उन्मुख देखिनुलाई चुनौतीका रूपमा लिनुपर्छ,' उनी भन्छन्, 'समयमै प्रभावकारी कदम चाल्न सके औलोमुक्त नेपालको लक्ष्य हासिल गर्न सम्भव छ, तर ढिलाइ भएमा अहिलेको अवस्था ठूलो स्वास्थ्य संकटमा रूपान्तरण हुन सक्छ ।'

औलो मुख्यतया 'एनोफिलिज' जातका संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने परजीवीका कारण हुने एक प्रकारको सरुवा रोग हो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार, नेपाल औलो निवारण उन्मुख अवस्थामा रहेको छ । विगत १० वर्षमा स्थानीय औलोका बिरामीको संख्यामा करिब ९० प्रतिशतले कमी आएको छ ।

हाल वार्षिकरूपमा स्थानीय औलोका बिरामीहरू ५० प्रतिशतभन्दा कममा सीमित भएका छन् । यद्यपि, यसलाई शून्यमा झार्न चुनौती छ । देशभरमा औलोका बिरामीको संख्या एक हजार १६४ रहेको छ, जसमा स्थानीय ३९ र आयातीत औलोबाट संक्रमित एक हजार १२४ रहेका छन् । *रासस*



**झिलिमिली जानकी मन्दिर** | जानकी नवमीको अवसरमा शनिबार साँझ जनकपुरधामस्थित जानकी मन्दिर प्रांगणमा सवा लाख दीप प्रज्वलन गर्दै सर्वसाधारण । *तस्बिर: रासस*

## राजमार्गमा सवारी कर नउठाउन आदेश

**वीरगञ्ज (प्रस)–** उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले पर्साको राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र हुलाकी राजमार्गमा चाल्ने सवारीसाधनबाट कर नउठाउन आदेश जारी गरेको छ ।

उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगञ्जका न्यायाधीसद्वय अर्जुन अधिकारी र दुर्गाप्रसाद ढुंगेलको शुक्रबारको इजलाशले सर्वोच्च अदालतको उत्प्रेषणको रिट निवेदनमा २०८२ फागुन २८ मा विपक्षी वीरगञ्ज महानगरपालिकासमेतका नाममा अन्तरिम आदेश जारी भइसकेको सन्दर्भमा राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा हुलाकी राजमार्गमा चल्ने सवारीसाधनबाट कर उठाउनबाहेक वीरगञ्ज महानगर मातहत पर्ने सडकमा भने उठाउन सक्ने आदेश जारी गरेको छ ।

'२०८२ साउन ३० गतेको सम्झौताको सर्त बन्देजको अधिनमा रही कर संकलन गर्न निवेदकलाई कुनै प्रकारको अवरोध नगर्नू/नगराउनू भनी यसै अदालतबाट २०८३ वैशाख ४ मा जारी भएको अन्तरिम आदेशलाई सो हदसम्म संशोधन गरी निरन्तता प्रदान गरी दिएको उल्लेख गरिएको छ,' अदालतको आदेशमा भनिएको छ ।

प्रभु कन्स्ट्रक्सनले वीरगञ्ज महानगरको राजमार्ग तथा सहायक राजमार्गमा ठेक्का सम्झौता गरेर सवारी व्यवस्थापन कर उठाउँदै आइरहेको थियो । पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभाका सांसद बुद्धिप्रसाद पन्त (हरि)ले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको निषेधाज्ञा आदेशले राजमार्ग, सहायक राजमार्ग र हुलाकी राजमार्गमा स्थानीय तहले बोलपत्र आह्वान गरेर सवारी कर तथा कवाडी कर संकलन गर्न नपाउने आदेश जारी गरेकोमा खुसी व्यक्त गरे । 'मालवाहक सवारीसाधनसँग अवैध ढंगले ढाँट राखेर कर उठाइँदै आइरहेको थियो,' उनले भने, 'अदालतको आदेशसँगै सो रोकिने आशा गरेका छौं ।'

## भूमिहीनलाई ३० दिनभित्र सम्पर्कमा आउन वीरगञ्ज महानगरको आग्रह

**वीरगञ्ज (पर्सा)–** वीरगञ्ज महानगरले यहाँको मुल सडक विस्तारको क्रममा पूर्णरूपमा भूमिहीन हुन पुगेका र मुलुकको अन्य भू-भागमा कतै पनि जग्गा नभएका भूमिहीनलाई ३० दिनभित्र सम्पर्कमा आउन अनुरोध गरेको छ । डिभिजन सडक हेटौंडाले गत वैशाख ६ गते वीरगञ्जको गण्डकचोकदेखि मितेरीपुलसम्म सडक अतिक्रमण गरेर निर्माण गरिएका घरटहरा भत्काउन थालेको हो ।

वीरगञ्ज महानगर प्रशासन तथा व्यवस्थापन महाशाखाका प्रमुख सुनिलकुमार कर्णले शुक्रबार सार्वजनिक सूचना जारी गरेर सडक विस्तारबाट भूमीहीन बन्नेले ३० दिनभित्र आवश्यक कागजातसहित सम्पर्कमा आउनका लागि आह्वान गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा विहीबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार प्रभावितलाई राहत उपलब्ध गराउने उद्देश्यले लगत संकलन प्रक्रिया सुरु गर्न लागिएको महानगरले जनाएको छ । महानगरमा प्राप्त विवरणको यथार्थ छानबिन गरी पूर्णरूपमा प्रभावित नागरिकलाई राहत उपलब्ध गराउन संघीय सरकारसमक्ष सिफारिस गरिने महानगर प्रमुख राजेशमान सिंहले जानकारी दिए ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयले भत्किएका घरटहरामा व्यापार नगर्न प्रशासनको अनुरोध गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलले केही घरधनीले भत्किएको जोखिमपूर्ण घरटहरामा केही व्यक्तिलाई व्यापार, व्यवसाय सञ्चालन गर्न दिँदा घरधनी, व्यवसायी र सर्वसाधारण जोखिममा पर्न सक्ने हुँदा त्यस्तो जोखिमपूर्ण संरचनामा व्यापार तथा व्यवसाय नगर्न अनुरोध गरे । *रासस*

## शुक्लाफाँटाबाट विस्थापितका समस्या समाधानको प्रयासमा सरकार




**कञ्चनपुर–** कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट विस्थापित परिवारहरूको समस्या समाधानका लागि सरकार वास्तविकपीडितको पहिचान गरी प्रक्रिया अगाडि बढाउने भएको छ । निकुञ्ज विस्थापित परिवारको अभिलेख संकलन, जग्गा पहिचान तथा विवरण प्रमाणीकरण प्रक्रियालाई अघि बढाउने विषयमा सरकार गम्भीर हुँदै वास्तविक पीडित पहिचान गर्न लागेको हो ।

वन तथा वातावरण र कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले निकुञ्ज प्रभावित परिवारको दीर्घकालीन व्यवस्थापनलाई प्राथमिकतामा राख्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उच्च पदाधिकारीसँग छलफल गरेकी छन् । उनले वास्तविक पीडितको पहिचान गरी दीर्घकालीन पुनर्स्थापना सुनिश्चित गर्न आवश्यक रहेको बताइन् ।

मन्त्री चौधरीका अनुसार विगतमा विभिन्न आयोगबाट सिफारिस भएका विवरण, जग्गाधनी प्रमाणपत्र वितरण तथा अन्य आधारलाई समेत मूल्यांकन गर्दै वास्तविक पीडितको पहिचान गरिने छ । छलफलमा निकुञ्जबाट प्रभावित परिवारहरूको अभिलेख संकलन, उपलब्ध जग्गाको पहिचान तथा लागत विवरणसँग प्रमाणीकरण (भेरिफिकेसन) गर्ने विषयमा विशेष जोड दिइएको छ ।

साथै, तथ्यमा आधारित योजना निर्माण गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने सहमति भएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ । उक्त छलफलमा वन तथा वातावरण मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेल तथा भूमि व्यवस्था मन्त्रालयका सचिव मदन भुजेललगायतको सहभागिता थियो ।

छलफलका क्रममा निकुञ्जबाट विस्थापित परिवारहरूको समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयहरूबीच समन्वयात्मकरूपमा अघि बढ्ने सहमति भएको मन्त्रालयका सचिव डा. शर्माले जानकारी दिए । लामो समयदेखि व्यवस्थापनको पर्खाइमा रहेका निकुञ्ज पीडितहरूको समस्या समाधान अब प्राथमिकताका साथ अघि बढ्ने विश्वास व्यक्त गरिएको छ । *रासस*

**बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस सिम्पानीदेवकोट सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरले आ.व. २०८२।०८३ स्विकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार सब कम्पार्टमेण्ट S1C3 चौथो वर्षको पुनरूत्पादनबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागि छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान २७६ को १६९६.२१ क्यू.फि. काठ तथा दाउरा साल समेतको ७.०० चट्टा र सब कम्पार्टमेण्ट क्ज्ञऋघ चौथो वर्षको अन्तिम कटानवाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागी छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान २७६ को १९३१.३४ क्यू.फि. काठ तथा दाउरा साल समेतको १८.०० चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिम्पानीदेवकोट सामुदायिक वन उपभोक्ता समूह, मनहरी ०८ मकवानपुर**

**बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८३।०१।१३**

यस जनजागृती सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ. ०८ मकवानपुरले आ.व.२०८२।०८३ स्विकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार सब कम्पार्टमेण्ट S1C1 बाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागी छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान ११९६ को ३७८५.६६ क्यू.फि. काठ तथा दाउरा साल समेतको ४.०० चट्टा र आ.व. २०८१।०८२ मा कटान गरि जिल्ला वन पैदावार आपुर्ति समितीलाई छेट्टयाई फिर्ता भएको साल प्रजातीको गोलिया थान ११० को ७१६.४६ क्यूफि.काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री जानजागृती सामुदायिक वन उपभोक्ता समूह, राक्सिराङ. ०८ मकवानपुर**

आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो !!

**भावपूर्ण श्रद्धाञ्जलि**



जन्म : बि.सं. २०१६ असार १७

स्वर्गारोहण : बि.सं. २०८३ वैशाख १

**डा. भरत लामिछाने**

**नेपाल पत्रकार महासंघ ललितपुर शाखा**का सदस्य **डा. भरत लामिछाने**को २०८३ वैशाख ०१ गते मङ्गलबारका दिन स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जलि** अर्पण गर्दछौं । उहाँको निधनले नेपाल पत्रकार महासंघ ललितपुर शाखा मर्माहत भएको छ । साथै यस दुःखद् घडीमा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा परिवार
ललितपुर

प्रभाव दैनिक

रूपशाला

## चार मिस नेपाल 'माया भनेकै यस्तो होला' मा

अभिनेत्री रेखा थापाको निर्देशनमा तयार भएको चलचित्र 'माया भनेकै यस्तो होला' को प्रदर्शन मिति औपचारिक रूपमा घोषणा गरिएको छ। निर्माण पक्ष र वितरकहरूबीच भएको आपसी सहमति र सम्झौता अनुसार यो चलचित्र आगामी भदौ २६ गतेबाट देशभरका सिनेमाघरमा प्रदर्शनमा आउने भएको हो। यसअघि निर्माण पक्षले चलचित्र तीजको अवसर पारेर प्रदर्शनमा आउने जानकारी दिए पनि ठोस मिति भने तय गरेको थिएन। यो चलचित्रलाई देशभरका प्रमुख वितरक कम्पनीहरू रीच इन्टरटेन्मेन्ट, एप्पल इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरणको जिम्मा लिएका छन्।



आइतबार, १३ वैशाख २०८३ (Sunday, 26 April 2026)

# 'परालको आगो'को सुखद ओपनिङ, कति गऱ्यो कमाई

■ प्रभाव संवाददाता

**काठमाडौं–** बैशाख ११ गतेबाट हलमा लागेको फिल्म 'परालको आगो'को सुरुवाती दिनमै सुखद ओपनिङ गरेको छ। पहिलो दिननै फिल्मले ३७ लाख भन्दा बढिको ग्रस कलेक्सन गरेको हो। फिल्मका निर्माता सुशील पोखेलले बिज मुभिजमा पत्रकारहरू माझ फिल्मको ओपनिक कलेक्सन ३८ लाख नजिक रहेको बताएका हुन्।

उनले कलेक्सन सहितको डाटा देखाउदै भने, 'हिजो 'परालको आगो'ले एकैदिन ३७ लाखभन्दा माथी व्यापार गरेको छ। आज हिजोको भन्दा बढि दर्शकको चाप हलमा देखिन्छ।' उनी आफ्नो फिल्मको ग्रस कलेक्सनले एकै दिनमा यति धेरैको व्यापार गरेकोमा खुशी देखिए। उनी थप्छन्,'यो सुखद् व्यापार हो। दर्शकले फिल्म हेरेपछि दोहोऱ्याएर हेर्नुहुन्छ।'

उनी आफ्नो फिल्मप्रति एकदमै विश्वास विश्वस्त देखिएका छन्। फिल्मका निर्देशक लक्ष्मण सुनार आफुले कथा अनुसार सक्दो प्रयास गरेको बताए। फिल्मका वितरक रोहित कट्टेल फिल्ममा दर्शकको उत्साह निकै बढेको जानकारी दिए।



गुरु प्रसाद मैनालीको अमर कृति 'परालको आगो'बाट प्रेरित यस फिल्ममा सुहाना थापा,सौगात मल्ल, प्रकाश सपुत, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँ लगायतले अभिनय गरेका छन्। बाल कलाकार मन्जिलाको अभिनय पनि दर्शकले एकदमै रुचाएका छन्।

हरि ॐ सिने मेकर्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्ममा सुशील पोखरेलले लगानी गरेका हुन्। उनी कलाकारसँगसँगै हलमा दर्शकसँग भेटेर फिल्मको प्रतिक्रिया लिइरहेका छन्। उनीसँगै फिल्मको पटकथा तथा संवाद सुशील देवकोटा पनि हलमा पुगेका छन्। लेखक देवकोटाले आफुले लेखेको फिल्मप्रति दर्शकको धारणा एकदमै पोजेटिभ आएको भन्दै खुशी व्यक्त गरे।

लक्ष्मण सुनारले निर्देशन गरेको यस फिल्ममा संकल्प भुजेलको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी र मिलन श्रेष्ठको सम्पादन रहेको छ। साथै रंग संयोजन कनाल कँवरको छ।

समिर मिया र सत्यम रानाले फिल्ममा भिएफएक्स गरेका छन् भने टिजर तथा ट्रेलर सम्पादनको काम साहिल खानको छ। त्यसैगरि फिल्मको मिक्सिङ मुकेश शाह, निर्माण संयोजन नगेन्द्र घिमिरेले सम्हालेका छन्। यस फिल्मको पार्श्व संगीतमा किरण तुलाधर, संगीतमा शान्ति ठटाल, सत्य-स्वरूप आचार्य र प्रकाश सपुतले गरेका छन्। फिल्मका गीतका शब्द रचना मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्दको छ।

यसै फिल्ममा कला निर्देशन प्रतिक चौधरीले गरेका छन् भने मुख्य सहायक निर्देशकको जिम्मा करण बहादुर साउदको छ। आर आर फिल्मसले नेपालभरका हलमा वितरण गरेको यो फिल्मको डिजिटल अधिकार ओएसआरको छ।

स्मरण रहोस् यो फिल्म गुरूप्रसाद मैनालीको 'नासो' कथा संग्रहमा समावेश कथा 'परालको आगो'बाट लिइएको हो। यसअघि प्रताप सुब्बाको निर्देशनमा पनि फिल्म निर्माण भएको थियो।

# विश्व शान्तिको खोजीमा शास्त्रीय संगीत कार्यक्रम



■ प्रभाव संवाददाता

**काठमाडौं–** मध्यपूर्वदेखि अहिले विभिन्न शक्ति राष्ट्र्यहरू बीच द्वन्द्व बढ्दै गईरहेको छ। जसले विश्व मानचित्रमा नै युद्धको नयाँ संकेत देखिएको छ। विश्वभर युद्धको घेरा देखिन थालिएको र शान्तिका माध्यमबाट समस्या समाधान गर्न भन्दै १६ बर्ष मुनिका बालकालिकाले शास्त्रीय संगीत मार्फत विश्वमा शान्तिको खोजि गर्ने अभियान शुरु भएको छ।

काठमाडौंको रसियन हाउसको प्रेक्षालयमा जर्नलिष्ट फर जस्टिस र रसियन हाउस काठमाडौंको सहकार्यमा आयोजना गरेको सो कार्यक्रममा बालकलाकारहरू तवलामा अध्याय भण्डारी, बाँसुरीमा प्रतिक डंगोल, सारङ्गीमा अनुष गन्धर्व र कथ्यक नृत्यमा आध्या रेग्मीले आआफ्नो प्रस्तुत प्रर्दशन गरेका थिए।

कार्यक्रम मार्फत शान्तिका अग्रदूत गौतम बुद्धको देश नेपालबाट विश्व समुदायलाई युद्ध होइन, संवाद र वार्तामार्फत शान्तिको मार्ग खोज्नुपर्ने सन्देश प्रवाह गरिएको संस्थाका अध्यक्ष टिकाराम खड्काले जानकारी दिए। यस कार्यक्रमको मुख्य उद्देश्य केवल मनोरञ्जन नभई सांस्कृतिक माध्यमबाट शान्तिको बुलन्द आवाज उठाउनु रहेको अध्यक्ष खड्का भनाई थियो।

कार्यक्रममा रसियन दुतावासकी काउन्सिलर तथा रसियन हाउसकी निर्देशक अनास्तासिया खोखलोभाको सन्देश सुनाउँदै रसियन हाउसका कार्यक्रम व्यवस्थापक सन्तोष कार्कीले संगीतलाई सांस्कृतिक संवादको सशक्त माध्यमको रूपमा व्याख्या गरे। उनले रूस-नेपाल कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठको सन्दर्भमा यस कार्यक्रमलाई साझा मूल्य, सांस्कृतिक विविधता, एकता र शान्तिको प्रतीकका रूपमा लिएको पनि उल्लेख गरे।

कार्यक्रम शंखध्वनी सहित ब्रम्हबीज पिताम्वरा पीठमा आवद्ध पाँच बटुकले शान्तिका लागि स्वस्ती वाचन र दुई बटुकले शंख ध्वनी गरेका थिए।

# निर शाह निर्देशित 'कमला मिस' साउन २२ मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ कलाकार तथा निर्देशक निर शाहको निर्देशनमा निर्माण भएको चलचित्र कमला मिस को प्रदर्शन मिति घोषणा गरिएको छ।

बिहीबार वितरक कम्पनीहरूसँग सम्झौता गर्दै चलचित्रलाई आगामी साउन २२ गतेबाट प्रदर्शनमा ल्याउने तय गरिएको हो। फिल्मलाई एप्पल इन्टरटेन्मेन्ट, रीच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरण गर्नेछन्।

मनोवैज्ञानिक कथावस्तुमा आधारित यस चलचित्रमा निर्देशक निर शाहसँगै रमेश बुढाथोकी, बासना तिमिल्सिना, शिवम सराफ क्षेत्री, आरभ दाहाल, भावना मगर, कृष्ण मुरारी ढुंगेल, सुशान्त कुमार श्रेष्ठ, जयन्त रेग्मी, सुरेश थापा, राजन केसी र संजय खतिवडा लगायत कलाकारहरूको मुख्य भूमिका रहेको छ।

विजय मल्ल स्मृति प्रतिष्ठान का लागि उमा मल्ल ले निर्माण गरेको यस चलचित्रका कार्यकारी निर्माता उमेश मल्ल र चैतन्य प्रधान हुन् भने लाइन प्रोड्युसर पुष्कर लामा रहेका छन्। चलचित्रको कथा विजय मल्लको हो भने पटकथा तथा संवाद निर शाह, प्रजल दुलाल र सुगम दुलाल ले संयुक्त रूपमा तयार पारेका छन्।

चलचित्रमा शिवराम श्रेष्ठ को छायांकन, युग भुसाल को संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहेको छ। निर्माण व्यवस्थापन भोला सुबेदी ले सम्हालेका छन् भने मुख्य सहायक निर्देशक सगर बोहरा हुन्।

करिब एक दशकपछि निर्देशनमा फर्किएका निर शाह नेपाली चलचित्र क्षेत्रमा लामो समयदेखि सक्रिय छन्। उनले यसअघि वासुदेव, पच्चीस वसन्त, राजमती, वसन्ती, मसान र सेतोबाघ जस्ता चर्चित चलचित्र निर्देशन गरिसकेका छन्।



आइसिसी विश्वकप लिग २ क्रिकेट

# युएईविरुद्ध नेपाल विजयी



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी विश्वकप लिग २ क्रिकेट प्रतियोगिताअन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई) विरुद्धको खेलमा नेपालले जित हासिल गरेको छ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा शनिबार सम्पन्न खेलमा नेपालले युएईमाथि ३७ रनको जित हासिल गरेको हो। नेपालले जितका लागि दिएको दुई सय एक रनको चुनौती पछ्याएको युएई ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै एक सय ६३ रनमा समेटियो।

युएईका लागि हरप्रीत सिंहले ३९ रन जोडे भने कप्तान मोहम्मद वसीमले ३४ रन बनाए। बलिङतर्फ नेपालका करण केसीले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिए। यस्तै, सन्दीप लामिछाने र सोमपाल कामीले समान दुई/दुई विकेट लिए।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै दुई सय रनको योगफल बनाएको थियो। नेपालका लागि दीपेन्द्रसिंह एरीले सर्वाधिक ७५ रनको योगदान दिए। उनले ९० बलमा पाँच चौका र दुई छक्कासहित ७५ रन बनाएका हुन्।

नेपालको सुरुआत कमजोर रहँदा आसिफ शेख सात रनमै आउट भए भने कप्तान रोहित पौडेल केवल दुई रनमा पवेलियन फर्किए। यस्तै, कुशल भुर्तेलले २४ रन, बसिर अहमदले २० रन तथा करण केसीले २२ रनको योगदान दिए। अन्य खेलाडीमा भीम सार्कीले १० तथा आरिफ शेख र सोमपाल कामीले समान १५/१५ रन बनाए।

बलिङतर्फ युएईका जुनैद सिद्दिकी, अजय कुमार र खुजैमा तनवीरले समान तीन/तीन विकेट लिए। अब यही वैशाख १४ गते नेपालले ओमानसँग खेल्नेछ।

# लुम्बिनी रोड रेस प्रतियोगितामा सेनाका खड्का र न्यौपाने विजयी

■ प्रभाव संवाददाता

**घोराही (दाङ)** – 'दोस्रो लुम्बिनी राष्ट्रिय खुला पुरुष तथा महिला १० किलोमिटर रोड रेस प्रतियोगिता-२०८३' मा पुरुषतर्फ नेपाली सेनाका खड्गबहादुर खड्का र महिलातर्फ पूर्णलक्ष्मी न्यौपाने विजयी बनेका छन्। लुम्बिनी प्रदेश खेलकुद परिषद्को आयोजनामा शनिबार घोराहीमा भएको प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ नेपाली सेनाका खेलाडी पहिलो बन्न सफल भएका हुन्।

प्रतियोगितामा पुरुषतर्फ खड्काले निर्धारित १० किलोमिटर दूरी ३० मिनेट ३३ सेकेन्डमा र महिलातर्फ सेनाकै न्यौपानेले ३६ मिनेट ३३ सेकेन्डमा दूरी पार गर्न सफल भए। पहिलो बनेका खड्का र न्यौपानेले समान रु ८० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

त्यसैगरी प्रतियोगितामा पुरुषतर्फ सशस्त्र प्रहरीका रूपेश कार्की ३१ मिनेट १३ सेकेन्डका साथ दोस्रो हुँदा नेपाली सेनाकै उमेश थापा ३१ मिनेट ५२ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थानमा हुन सफल भए।

महिलातर्फ सेनाकै निर्मला केसीले ३७ मिनेट ४५ सेकेन्डका साथ दोस्रो हुँदा सम्झना गुरुङवान ३९ मिनेट १२ सेकेन्डमा दूरी पार गर्दै तेस्रो स्थान लिन सफल भएका छन्।

प्रतियोगितामा द्वितीय र तृतीय स्थान लिने पुरुष तथा महिला खेलाडीलाई जनही रु ४५ हजार र रु २५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको छ।

प्रतियोगितामा पुरुषतर्फ नेपाली सेनाका अक्कल पालले ३२ मिनेट दुई सेकेन्डमा दूरी पार गर्दै चौथो हुँदा महिलातर्फ एपिएफकी फूलमाया रानाले ३९ मिनेट ४१ सेकेन्डमा दूरी पार गर्दै चौथो हुन सफल भए। चौथो स्थान प्राप्त गरेका पाल र रानाले नगद रु १५ हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ। विजेता खेलाडीलाई पुरस्कार वितरण गर्दै प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव तिरनदाज गौतमले खेलकुदको विकास, विस्तार तथा नयाँ प्रतिभा उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए।

# डिफेन्डिङ च्याम्पियन एनआरटीलाई हराउँदै मछिन्द्रले जित्यो इलाम गोल्डकपको उपाधि

■ प्रभाव संवाददाता

**इलाम (प्रस)**– मछिन्द्र क्लबले तेस्रो इलाम गोल्डकपको उपाधि जितेको छ। डिफेन्डिङ च्याम्पियन न्युरोड टिम (एनआरटी) लाई २-० ले हराउँदै मछिन्द्रले उपाधि जितेको हो।

उपाधिसँगै मछिन्द्रले नगद १० लाख रूपैयाँ प्राप्त गरेको छ। उपविजेता एनआरटीले नगद ५ लाख रूपैयाँ प्राप्त गरेको छ। मछिन्द्रको जितमा सौरभ सुब्बा र मिलन चाम्लिङले गोल गरे।

मछिन्द्रले इलाम गोल्डकपको दोस्रो सहभागितामा उपाधि जितेको हो। न्युरोड टिमले इलाम गोल्डकपमा पहिलो पटक उपाधि जित्न असफल भएको हो। यसअघि पहिलो संस्करणमा विर्तामोड युनाइटेड र दोस्रो संस्करणमा लिग च्याम्पियन चर्च बोइजलाई हराउँदै उपाधि जितेको थियो। मछिन्द्र यसअघि क्वार्टरफाइनलमा रेडस्टार झापासंग पराजित बन्दै बाहिरिको थियो।

फाइनल खेलको म्यान अफ द म्याच मछिन्द्रका प्रदीप बुढाथोकी घोषित हुँदै नगद रु ८ हजार १ सय प्राप्त गरे। व्यक्तिगत विधातर्फ मछिन्द्रको वर्चस्व रहयो। उत्कृष्ट गोलरक्षक प्रदीप भण्डारी, उत्कृष्ट मिडफिल्डर युवराज ढकाल, सर्वाधिक गोलकर्ता मिलन चाम्लिङ र उत्कृष्ट प्रशिक्षक प्रवेश कटुवाल घोषित भए।

उत्कृष्ट डिफेन्डर एनआरटीका आशिष गुरुङ घोषित भए। उनीहरूले जनही १५ हजारसहित ट्रफी प्राप्त गरे। उदीयमान खेलाडी रेडहर्सका विवेक सुनाम घोषित भए। उनले २५ हजारसहित ट्रफी पाए। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मछिन्द्रका सनिस श्रेष्ठ घोषित हुँदै ५१ हजारसहित ट्रफी प्राप्त गरे।



चीनको हेइलोङजियाङ प्रान्तको टोङजियाङ सहरमा 'काइजियाङ' लोक संस्कृतिक सप्ताहको क्रममा आयोजित कार्यक्रममा नदीलाई औपचारिकरूपमा 'जागृत' गर्न नारा लगाउँदै हेझे जातीय समूहका मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# इजरायल–लेबनान वार्ता प्रयाससँगै क्षेत्रीय तनाव अझ गहिरिँदै

**इजरायल–** युरोपेली परिषद्का अध्यक्ष एन्तोनियो कोस्टाले जलडमरूलाई कुनै पनि प्रतिबन्ध वा शुल्कविना तत्काल पुनः खोलिनुपर्ने आवश्यकता रहेको बताएका छन् । उनले यसलाई विश्वव्यापी अर्थतन्त्र र आपूर्ति प्रणालीका लागि अत्यन्त महत्त्वपूर्ण विषयका रूपमा उल्लेख गरे ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इरानका अधिकारीहरू पाकिस्तानतर्फ प्रस्थान गरिरहेको अवस्थामा विश्व वित्तीय बजारमा सकारात्मक प्रभाव देखिएको छ । कम्पनीहरूको राम्रो नाफा विवरणपछि वाल स्ट्रिटका प्रमुख सेयर सूचकांकहरू नयाँ रेकर्ड स्तरमा बन्द भएका छन् । सुरक्षा अवस्थाको सन्दर्भमा, संयुक्त राज्य अमेरिकाले मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ गर्दै तेस्रो विमानवाहक युद्धपोत पनि तैनाथ गरेको छ ।

कूटनीतिक प्रयासतर्फ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र लेबनानबीच दीर्घकालीन शान्तिको सम्भावनाबारे आशावादी विचार व्यक्त गरेका छन् । उनले हालैका भेटवार्तापछि त्रिपक्षीय संवादको सम्भावना रहेको संकेत गरे । यद्यपि, इजरायल र लेबनान दशकौंदेखि औपचारिकरूपमा द्वन्द्वको





अवस्थामा रहेका छन् ।

तर हिजबुल्लाहका संसदीय समूह प्रमुख मोहम्मद रादले लेबनान सरकारलाई इजरायलसँग प्रत्यक्ष वार्ताबाट पछि हट्न आग्रह गर्दै प्रस्तावित शान्ति सम्झौताले राष्ट्रिय सहमति नपाउने टिप्पणी गरे । यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हिजबुल्लाहले शान्ति प्रक्रियामा अवरोध पुर्‍याउन खोजिरहेको आरोप लगाउँदै इजरायल लेबनानसँग ऐतिहासिक शान्ति स्थापना गर्ने दिशामा अघि बढिरहेको बताए ।

दक्षिण लेबनानको टायर सहरमा भने युद्धको प्रभाव अझै गहिरो देखिएको छ । इजरायली हवाई आक्रमणमा ज्यान गुमाएका आफ्ना परिवारका सदस्यहरूको सम्झनाका वस्तुहरू खोज्दै एक व्यक्तिले आफ्नो जीवन अत्यन्त कठिन बनेको र लामो समयदेखि निद्रा नपरेको भावुक रूपमा बताएका छन् । *रासस/एएफपी*

# पाकिस्तानका प्रधानमन्त्री र इरानका विदेशमन्त्रीबीच इस्लामावादमा भेटवार्ता

**इस्लामावाद–** पाकिस्तानका प्रधानमन्त्री मोहम्मद शहबाज सरिफ र इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीबीच शनिबार यहाँ भेटवार्ता भएको पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयले जनाएको छ ।

पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री मोहम्मद इशाक दार र सेना प्रमुख फिल्ड मार्सल सैयद असिम मुनिर पनि बैठकमा सहभागी भएको कार्यालयले जनाएको छ । इरान र अमेरिकाबीच सम्भावित वार्तासम्बन्धी प्रस्तावमा केन्द्रित अराघचीको नेतृत्वमा रहेको इरानी प्रतिनिधिमण्डल आइपुगेपछि पाकिस्तानी र इरानी अधिकारीहरूले शुक्रबार र शनिबार शृंखलाबद्ध बैठकहरू गरेका थिए ।

स्रोतका अनुसार वार्ताको क्रममा इरानले आफ्ना सर्त र प्रस्तावहरूमा जोड दिएको थियो र द्वन्द्व अन्त्यका लागि कूटनीतिक संलग्नताको भविष्यको पाठ्यक्रम तय गर्न संलग्न रहने वाचा गरेको थियो ।

शुक्रबार राति एक उच्चस्तरीय बैठक भएको थियो जसमा इरानी पक्षले प्रमुख मागहरू र संयुक्त राज्य अमेरिकाले अघि सारेको प्रस्तावहरूको प्रतिक्रियामा आफ्नो स्थिति साझा गरेको थियो । मध्यस्थकर्ताको रूपमा काम गरिरहेका पाकिस्तानी अधिकारीहरूले वाशिङ्गटनबाट प्राप्त सन्देशहरू सुनाएका थिए भने त्यसपछि इरानी प्रतिनिधिमण्डलले सत्र समाप्त गर्नु



अघि आफ्नो विचार प्रस्तुत गरेको थियो ।

स्रोतका अनुसार इरानी प्रतिनिधिमण्डलले पाकिस्तानी मध्यस्थकर्ताहरूसँग दुवै पक्षको प्रतिक्रियाको समीक्षा गर्न र सम्भावित आगामी कदमहरूको मूल्यांकन गर्न धेरै चरणका बैठकहरूमा भाग लिएको थियो । स्रोतका अनुसार इरानीपक्षले यस क्षेत्रमा शान्ति र स्थिरतालाई बढावा दिने उद्देश्यका लागि पाकिस्तानी नेतृत्वले गरेको अथक र इमानदार प्रयासको प्रशंसा गरेको छ । *रासस/एएफपी*

# गाजा संकट गहिरिँदैः मृतक संख्या बढ्दो

**गाजा–** गाजा क्षेत्रमा शुक्रबार इजरायली आक्रमणका क्रममा कम्तीमा १० जना प्यालेस्टिनीको मृत्यु भएको छ, जसमा हमासद्वारा सञ्चालित आन्तरिक सुरक्षा निकायसँग आबद्ध सात जना प्रहरी पनि रहेका छन् ।

स्थानीय स्रोत र प्रत्यक्षदर्शीका अनुसार उत्तरी गाजाको बेइत लाहिया क्षेत्रमा रहेको कमाल अडवान अस्पताल नजिकका आवासीय घरहरूमा इजरायली तोपखानाले गोलाबारी गरेको थियो । उक्त आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको छ, जसमा बालबालिका पनि परेका छन् भने अन्य केही घाइते भएका छन् ।

त्यसैगरी, दक्षिण गाजाको खान युनिस पश्चिममा पर्ने अल-मवासी क्षेत्रको 'बिर १९' क्षेत्रमा प्यालेस्टिनी प्रहरीको सवारीसाधनलाई इजरायली ड्रोनले लक्षित गरी आक्रमण गरेको बताइएको छ, जसमा केही व्यक्तिहरूको मृत्यु र घाइते भएको छ । खान युनिसस्थित नासेर अस्पतालका स्रोतका अनुसार उक्त आक्रमणपछि पाँचवटा शव र धेरै घाइतेहरू अस्पताल पुर्‍याइएका छन् ।

यसअघि गाजा सिटीमा गरिएको अर्को आक्रमणमा प्रहरी गस्तीमाथि हमला हुँदा दुई जना प्रहरीको मृत्यु भएको थियो भने अन्य दुई जना गम्भीर घाइते भएका थिए । यी घटनाहरूमा इजरायलकोतर्फबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन ।

यो घटनाक्रम जारी तनाव र युद्धविराम उल्लंघनकाबीच भएको बताइएको छ । गाजा स्वास्थ्य अधिकारीहरूका अनुसार युद्धविराम लागू भएयता हालसम्म ७९१ जना प्यालेस्टिनीको मृत्यु भएको छ भने दुई हजार २३५ जना घाइते भएका छन् । *रासस/सिन्ह्वा*

# अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रमा चीनको बढ्दो प्रभाव

**बेइजिङ–** चीन विश्व शिक्षा बजारमा नयाँ प्रमुख विकास केन्द्रको रूपमा उदाउँदै गएको एक प्रतिवेदनले जनाएको छ । बेइजिङमा सार्वजनिक गरिएको 'मानवजातिको साझा भविष्य निर्माणमा योगदान गर्ने चीनमा अध्ययन' शीर्षकको उक्त प्रतिवेदन चीनको सरकारी समाचार संस्था सिन्ह्वासम्बद्ध थिंकट्यांक सिन्ह्वा इन्स्टिच्युटले तयार पारेको हो ।

प्रतिवेदनमा अन्तर्राष्ट्रिय शिक्षा क्षेत्रमा लामो समयदेखि प्रभुत्व जमाउँदै आएका केही परम्परागत शक्तिहरूको प्रभाव क्रमशः कमजोर हुँदै गएको भनिएको छ । यसको सट्टा दक्षिण कोरिया र जापानजस्ता देशहरू अध्ययन गन्तव्यका रूपमा झन् आकर्षक बन्दै गएका छन् । चीनले पछिल्ला वर्षहरूमा 'शिक्षामा बलियो देश निर्माण' भन्ने राष्ट्रिय रणनीति अघि सारेको छ । यस रणनीतिअन्तर्गत देशले आफ्नो शैक्षिक प्रणालीलाई निरन्तर सुधार गर्दै क्षमता विस्तार गरेको र शिक्षालाई आधुनिक बनाउने प्रक्रिया तीव्र पारेको प्रतिवेदनमा उल्लेख छ ।

शिक्षा, अर्थतन्त्र र सामाजिक विकासलाई एकअर्कासँग समन्वय गर्दै अघि बढाउने नीतिका कारण चीनले विदेशी विद्यार्थीहरूलाई आकर्षित गर्ने बलियो आधार तयार पारेको बताइएको छ । विश्वविद्यालयहरूको स्तर सुधार, अनुसन्धान क्षमताको विस्तार र अन्तर्राष्ट्रिय सहकार्यका कारण चीन अध्ययनका लागि विश्वका विद्यार्थीहरूका लागि महत्त्वपूर्ण गन्तव्य बन्दै गएको छ ।

प्रतिवेदनअनुसार हालसम्म चीनले विश्वका १८३ देश तथा क्षेत्रसँग शैक्षिक सहकार्य स्थापना गरिसकेको छ । त्यस्तै, ६१ देशसँग शैक्षिक डिग्री आपसी मान्यताको सम्झौता भएको छ र ४५ संयुक्त शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसका साथै चीनले अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूसँगको सहकार्यलाई निरन्तर विस्तार गरिरहेको छ । यसले चीनको शैक्षिक प्रणालीलाई विश्वव्यापी बनाउँदै यसको प्रभाव र पहुँचलाई उल्लेखनीय रूपमा बढाएको प्रतिवेदनले निष्कर्ष निकालेको छ । *रासस/सिन्ह्वा*

# गाजा युद्धपछि प्लोस्टाइनमा पहिलोपटक मतदान



**रामल्लाह, प्यालेस्टिनी क्षेत्रहरू–** गाजा युद्धपछि पहिलोपटक शनिबार वेस्ट बैंक र गाजाको मध्य क्षेत्रमा प्यालेस्टिनीहरूले स्थानीय चुनावमा मतदान गरेका छन् ।

रामल्लाहस्थित केन्द्रीय निर्वाचन आयोगका अनुसार इजरायलको कब्जामा रहेको वेस्ट ब्यांकमा करिब १५ लाख र गाजाको देइर अल-बलाह क्षेत्रमा ७० हजार मतदाताहरू सूचीकृत भएका छन् । निर्वाचन आयोगका अनुसार मतदान केन्द्रहरू बिहान ७ बजे खोलिएको थियो भने बेलुका ७ जे बन्द गरिएको थियो ।

गाजा पट्टीको लगभग आधा भाग नियन्त्रण गर्ने फताहको कट्टर प्रतिद्वन्द्वी हमाससँग सम्बद्ध व्यक्तिहरू मतदाता सूचीमा सूचीकृत नभएको जनाइएको छ । पछिल्लो समयमा प्यालेस्टिनी प्राधिकरणले भ्रष्टाचार, स्थिरता र घट्दो वैधतामाथि व्यापक आलोचनाको सामना गरिरहेको छ ।

सन् २००६ देखि कुनै राष्ट्रपति तथा विधायकी चुनाव नभएको कारण, यस क्षेत्रमा नगरपालिका परिषद्हरू नै प्रशासनअन्तर्गतका काम गर्ने केही लोकतान्त्रिक संस्थाहरूका रूपमा रहेका छन् । संयुक्त राष्ट्रसंघका संयोजक रमिज अलक्बारोभले निर्वाचन आयोगले लोकतान्त्रिक प्रक्रिया आयोजना गरी मतदानको वातावरण बनाएकोमा आयोगको खुलेर प्रशंसा गरेका छन् ।

यसअघि विज्ञप्ति जारी गर्दै चुनावले प्यालेस्टिनीहरूलाई चुनौतीपूर्ण अवधिमा आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अवसर दिएको अलक्बारोभले बताएका थिए । सन् २०२३ अक्टोबरमा युद्ध सुरु भएपछि गाजाको विभिन्न भागहरू ध्वस्त पार्नुका साथै ७२ हजारभन्दा बढी मानिसहरूको मृत्यु भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सन् २००७ देखि हमासको नियन्त्रणमा रहेको गाजामा सन् २००६ को विधायी चुनावपछि पहिलोपटक मतदान भएको हो । यसअघि इस्लामवादी आन्दोलन विजयी भएको थियो । कायरोको अल-अजहर विश्वविद्यालयका राजनीतिक वैज्ञानिक जमाल अल-फादीलाई उदृत गर्दै एएफपीलाई प्यालेस्टिनी प्राधिकरणले देइर अल-बलाहमा मात्र चुनाव गरिएको जनाएको छ ।

देइर अल-बलाहको जनसंख्या विस्थापित नभएको कारण मत सर्वेक्षणका लागि यो क्षेत्र छानिएको फादीले बताएका छन् । निर्वाचन आयोगले नागरिक समाज संगठनहरूबाट मतदान कर्मचारीहरू भर्ती गरी मतदान केन्द्रहरू सुरक्षित गर्न एक निजी सुरक्षा कम्पनी नियुक्त गरेको प्रवक्ता फरीद तामाल्लाहलाई उदृत गर्दै एएफपीले जनाएको छ । *रासस/एएफपी*

# इरान युद्धले विश्व अर्थतन्त्रमा दबाब



**न्युयोर्क–** इरानसँग सम्बन्धित युद्धका कारण विश्वबजारमा तेल आपूर्ति गम्भीररूपमा प्रभावित हुन थालेको छ, जसको प्रभाव अब दैनिक उपभोग्य वस्तुहरूमा पनि स्पष्टरूपमा देखिन थालेको छ ।

मध्यपूर्व क्षेत्र विश्वको प्रमुख तेल आपूर्तिकर्ता भएकाले त्यहाँ उत्पन्न भएको तनाव र युद्धले कच्चा तेलको आपूर्ति घटाएको छ र मूल्यमा तीव्र वृद्धि भएको छ । तेल केवल इन्धनका रूपमामात्र प्रयोग हुने होइन, यसबाट बन्ने पेट्रोलियमजन्य रसायनहरू हजारौं वस्तु उत्पादनका आधारभूत कच्चा पदार्थ हुन् । त्यसैले तेल महँगो हुँदा कपडा, खेलौना, जुत्ता, सौन्दर्य सामग्री, औषधि, प्लास्टिकका सामग्री, कम्प्युटर उपकरणदेखि लिएर बालबालिकाले प्रयोग गर्ने रंगीन सामग्रीसम्मको उत्पादन लागत बढ्ने गर्दछ ।

विशेषगरी पोलिस्टर र एक्रिलिकजस्ता कृत्रिम धागो तथा पदार्थहरू, जुन तेलबाटै तयार गरिन्छन्, तिनको मूल्यवृद्धि हुँदा उद्योगहरू प्रत्यक्षरूपमा प्रभावित भएका छन् । केही उत्पादक कम्पनीहरूले युद्ध सुरु भएको छोटो समयमै कच्चा पदार्थको लागत १० देखि १५ प्रतिशतसम्म बढिसकेको बताएका छन्, जसले आगामी दिनमा वस्तुहरूको खुद्रा मूल्य पनि बढ्ने संकेत दिएको छ । यसका साथै पेट्रोल र डिजेलको मूल्य बढ्दा ढुवानी खर्च उच्च भएको छ, जसका कारण खाद्यान्न, लत्ताकपडा, फर्निचरलगायतका आवश्यक वस्तुहरू बजारमा झन् महँगा हुँदै गएका छन् ।

यात्रा क्षेत्रमा पनि यसको असर परेको छ । हवाई इन्धनको मूल्य वृद्धि भएपछि हवाई सेवा प्रदायकहरूले टिकट दर बढाएका छन्, जसले यात्रुहरूलाई अतिरिक्त आर्थिक भार परेको छ । तेलमा अत्यधिक निर्भर विश्व अर्थतन्त्रका लागि यस्तो युद्धले महँगी दर बढाउने, आपूर्ति शृंखला अवरुद्ध गर्ने र सर्वसाधारणको दैनिक जीवनयापन खर्च बढाउने खतरा सिर्जना गरेको छ । यही कारणले इरानसँग सम्बन्धित यो युद्ध केवल सीमित भौगोलिक क्षेत्रमामात्र नभई विश्वव्यापी आर्थिक अवस्थालाई समेत प्रभावित पार्ने महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ । *रासस/एपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९६५०० | प्रति तोला – ० | प्रति तोला – ५९५४ |




**पेट्रोलियम अन्वेषण क्षेत्र** दैलेखको भैरवी गाउँपालिका -१ जलजलेस्थित पेट्रोलियम पदार्थको अन्वेषण क्षेत्रमा राखिएका उपकरणहरू। चीनको सरकारी निकाय चाइना जिओलोजिकल सर्वेले भौगर्भिक अध्ययन सम्पन्न गरेपछि सीएनपीसी सीबु ड्रिलिङ इन्जिनियरिङ कम्पनीले नेपालसँग सम्झौता गरेर ड्रिलिङ गर्दा ग्यासको भण्डारण रहेको पत्ता लागेको हो। *तस्बिरः हेमन्त केसी / रासस*

# चीन र भारतका राजदूतसँग ऊर्जा सहकार्यबारे छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङ र भारतका राजदूत नवीन श्रीवास्तवले शुक्रबार बेग्लाबेग्लै भेट गरेका छन्।

चिनियाँ राजदूतसँगको भेटमा नेपाल र चीनबीच आपसी हितमा आधारित व्यावहारिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको यहाँस्थित चिनियाँ राजदूतावासले जनाएको छ।



विशेषगरी क्षेत्रीय ऊर्जा चुनौतीलाई कसरी प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा दुवै पक्षबीच विचारविमर्श भएको थियो। साथै ऊर्जा र जलस्रोत क्षेत्रलाई आपसी सहयोगको महत्वपूर्ण आधारका रूपमा अघि बढाउँदै साझा समृद्धि र जनहितका लागि सहकार्यको प्रतिबद्धता व्यक्त भएको छ।

त्यसैगरी, भारतका राजदूतसँगको भेटमा ऊर्जा तथा जलस्रोत क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ। छलफलमा नेपाल-भारतबीचको दीर्घकालीन साझेदारीलाई थप सुदृढ गर्दै दिगो विकास र क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार एवं प्रवर्द्धन गर्ने साझा दृष्टिकोणमा जोड दिइएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

उक्त मन्त्रालयका अनुसार आगामी दिनमा निरन्तर संवाद र सहकार्यमार्फत द्विपक्षीय साझेदारीलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त भएको थियो।

# सौर्य ऊर्जा उत्पादकलाई 'पिपिए' गर्न प्राधिकरणको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनालाई विद्युत् खरिद सम्झौताका लागि लागि सम्पर्क गर्न आउन आग्रह गरेको छ।

प्राधिकरणले स्थानीय तहको कम्तीमा ५१ प्रतिशत साझेदारीमा निर्माण हुने एक मेगावाटसम्म जडित क्षमता भएका सौर्य विद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता गर्न लागेको छ। प्राधिकरणको २०८२ कात्तिक १९ को बैठकबाट सौर्य विद्युत् आयोजनाको बिजुली खरिद बिक्रीको सम्झौता गर्ने निर्णय गरेको थियो।

स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत् आयोजनाको प्रतियुनिट चार रूपैयाँ ९९ कायम गरिएको छ। त्यस्ता आयोजनाबाट उत्पादित बिजुली खरिद बिक्री सम्झौता चालु आवको अन्त्यसम्म सम्पन्न गरिसक्ने निर्णय यसअघि नै भएको छ।

प्राधिकरणको यही वैशाख २ गतेको निर्णयअनुसार, यसै महिनाको अन्तिमसम्म आवश्यक कागजातसहितको निवेदन दिन आग्रह गरिएको छ। आयोजनालाई प्राधिकरणको ३३/११ केभी क्षमताको ग्रीड वा वितरण सवस्टेशनमा जडान गरिनेछ। प्रवर्द्धकले अनुरोध गरेमा प्राधिकरणको ११ केभी वितरण लाइनमा आवश्यक व्यवस्थासहित जडान गरिने प्राधिकरणले जनाएको छ।

प्राधिकरणले विद्युत् खरिद सम्झौताका लागि निवेदन, कम्पनी दर्ताको प्रमाणपत्र, स्थानीय तहको कम्तीमा पनि ५१ प्रतिशत शेयर रहेको अद्यावधिक शेयर लगत विवरण, सञ्चालकको लगतसहितको विवरण पेश गर्नुपर्नेछ। कम्पनीको प्रबन्धपत्र, कम्पनीको नियमावली, कर चुक्ताको प्रमाणपत्र, बहाल रहेको विद्युत् सर्वेक्षणको अनुमतिपत्र, स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र, आयोजना निर्माण गर्ने जग्गाको लिज सम्झौता वा भोगाधिकार वा कम्पनीको नाममा भएको प्रमाणसहितको कागजात पेश गर्नुपर्नेछ।

त्यस्तै, विद्युत् खरिद सम्झौताको मस्यौदा तथा विद्युत् खरिद बिक्री सम्झौतामा हस्ताक्षरमा हस्ताक्षर गर्न कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको अख्तियारीनामा पत्र र आयोजनाको निर्माण तालिकासहितको विवरण पेश गर्नुपर्ने प्राधिकरणले जनाएको छ।

# वन्यजन्तु पर्यटन प्रवर्द्धन गर्न 'सफारी मार्ट'

■ प्रभाव संवाददाता

**चितवन–** नेपाल पर्यटन बोर्डले पहिलो पटक चितवनको मेघौलीमा 'सफारी मार्ट'को औपचारिक सुरुआत गरेको छ। नेपाल पर्यटन बोर्ड, स्थानीय सरकार तथा पर्यटन व्यवसायीहरूको सहकार्यमा आयोजना गरिएको पहिलो 'वाइल्ड नेपाल सफारी मार्ट २०२६' को उद्घाटन गरिएको हो।

उद्घाटन कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले यस कार्यक्रमलाई नेपालको वन्यजन्तु पर्यटनलाई विश्व मञ्चमा पुर्‍याउने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गरे। उनले भने, 'नेपाल केवल हिमालका लागि मात्र होइन, यसको समृद्ध जैविक विविधता, जीवित संस्कृति र विश्वस्तरीय वन्यजन्तु पर्यटनका लागि चिनिन्छ।' उनले यस मार्टमा हुने छलफलहरूले लगानी, सहकार्य र नेपालको विशिष्ट वन्यजन्तु पर्यटन उत्पादन प्रवर्द्धनका नयाँ अवसरहरू खोल्ने बताए।

कार्यक्रममा भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले चितवन र मेघौलीलाई विश्वस्तरीय वन्यजन्तु पर्यटन केन्द्रका रूपमा विकास गर्न तयार रहेको बताए। उनले स्थानीय सरकारको भूमिका दिगो पर्यटन पूर्वाधार र समुदाय सहभागितामा महत्वपूर्ण रहेको उल्लेख गरे।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले यस कार्यक्रमलाई नेपालको पर्यटन यात्राको ऐतिहासिक कोसेढुंगाका रूपमा रहेको उल्लेख गर्दै यो विशिष्ट र जिम्मेवार पर्यटन अवधारणा भएको बताए।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले मार्टलाई केवल व्यावसायिक कार्यक्रम नभई एक साझा 'प्लेटफर्म'का रूपमा चित्रण गरे। नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले यो मार्ट रणनीतिक प्लेटफर्मका रूपमा भएको बताए।

अन्तरराष्ट्रिय संरक्षणविद् तथा प्रमुख वक्ता मोहित अग्रवालले जिम्मेवार पर्यटन यात्राको विश्वव्यापी माग तीव्र रूपमा बढिरहेको बताए। उनले भने, 'विश्व अब त्यस्ता गन्तव्य खोजिरहेको छ, जहाँ पर्यटन र संरक्षणबीच सन्तुलन कायम हुन्छ र मानव तथा प्रकृतिबीच गहिरो सम्बन्ध स्थापित हुन्छ।'

# कोरला नाकाः पूर्वाधार निर्माण तथा व्यवस्थापन गर्नुपर्नेमा जोड

**मुस्ताङ–** मुस्ताङको उत्तरी कोरला नाका (नेपाल-चीन) मा आवश्यक भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन प्रभावकारी रूपमा गर्नुपर्ने जोड दिइएको छ। नवौं अन्तरपालिका जिल्लास्तरीय समन्वयात्मक बैठकमा यहाँका कोरला नाकालाई प्राथमिकतामा राखेर आवश्यक भौतिक संरचना निर्माण तथा आयात/निर्यातलाई सहज बनाउनेतर्फ जोड दिइएको हो।

पाँच पालिकाले सरकारले कोरला नाकालाई व्यवस्थित गराउँदै आयत/निर्यात थप प्रभावकारी बनाउनुपर्ने माग गरेका हुन्। जिल्ला समन्वय समिति मुस्ताङको समन्वय तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आयोजनामा मनाङ-मुस्ताङ पदमार्ग थोरलाफेदीमा अन्तरपालिका समन्वय बैठक आयोजना गरिएको थियो।

उक्त अन्तरपालिका बैठकले कोरला नाका पूर्णरूपमा सञ्चालन भइसकेको अवस्थामा नाका क्षेत्रमा आवश्यक भन्सार, सुक्खा बन्दरगाह, एकीकृत सुरक्षा पोस्टलगायत भौतिक संरचना निर्माण हुन नसकेकाले जिल्ला समन्वय समितिमार्फत सरकारको ध्यानाकर्षण गराउने निर्णय गरिएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिए।

समन्वयात्मक बैठकले कोरला नाका सञ्चालन भइरहेकाले आयात/निर्यातलाई थप व्यवस्थित र प्रभावकारी बनाउन पशु तथा कृषि क्वारेन्टाइन कार्यालय स्थापना गर्न र नाकामा आवश्यक जनशक्ति व्यवस्थापन गराउन सरकारसमक्ष माग गर्ने निर्णय भएको अध्यक्ष गुरुङले बताए।

जिल्लामा रहेका समसामयिक समस्या, चुनौती र सामधानका विकल्प पहिचान गर्ने उद्देश्यले आयोजना भएको समन्वयात्मक बैठकमा मुस्ताङलाई अर्गानिक खेतीको जिल्ला घोषणा गर्न रासायनिक मलको आपूर्तिलाई निरुत्साहित गर्दै लैजाने निर्णय गरिएको अध्यक्ष गुरुङले उल्लेख गरे।

यहाँको स्याउसहित अन्य स्थानीय (रैथाने) अन्नबालीमा अघोषित रूपमा रासायनिक मलको प्रयोग भइरहेकाले मुस्ताङको अर्गानिक पहिचानलाई प्रतिकूल असर पुर्‍याउने भन्दै अर्गानिक खेतीको जिल्ला घोषणा गरी सोहीअनुसार किसानलाई जानकारी उपलब्ध गराइने उनको भनाइ छ।

रासायनिक मलको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पुर्‍याउने, माटोको उर्वराशक्तिमा ह्रास पुर्‍याउने र आम उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पुर्‍याउने भएकाले चालु आर्थिक वर्षको असारसम्ममा रासायनिक मल आयात गर्ने व्यापारी तथा प्रयोगकर्ता किसानलाई सोको प्रयोगमा निरुत्साहित गर्न विभिन्न सचेतामूलक कार्यक्रम सञ्चालन गरिने निर्णय भएको अध्यक्ष गुरुङले जानकारी दिए।

उनका अनुसार मुस्ताङमा २०३२ सालमा नापी हुँदा थोरै क्षेत्रफल मात्र भएको, बसोबास रहेको क्षेत्र नापी हुन नसकेकाले यसको दीर्घकालीन समस्या समाधानका लागि विभागबाट नापी गोश्वारा खटाएर प्रविधिमैत्री नापीका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय भएको छ।

घरपझोङ गाउँपालिकाले आयोजना गर्ने भनिएको जलवायु सम्मेलनलाई मुस्ताङका अन्य पालिकाले अपनत्व ग्रहण गर्दै सामूहिक एक्यबद्धता जनाउन सहलगानी गर्ने निर्णय गरिएको अध्यक्ष गुरुङले जानकारी दिए। उनका अनुसार जलवायु संकटले समग्र मुस्ताङ जिल्लाको आर्थिक, सांस्कृतिक, भौतिक, जैविक विविधतालगायत क्षेत्रमा प्रतिकूल असर पुर्‍याएको उल्लेख गर्दै जलवायु संकटसँग जुध्दै अघि बढ्ने गरी विश्व समुदायकको ध्यानाकर्षण गर्नुपर्ने आवश्यकता रहेको औंल्याइएको छ।

जिल्ला समन्वय समिति मुस्ताङको समन्वयमा आयोजित बैठकमा यहाँका पाँचवटै पालिकाका अध्यक्ष/उपाध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति थियो। जिल्लाका समस्या र चुनौतीको समाधानका लागि एउटै मञ्चमा उभिएर साझा अवधारणा तय गर्ने संस्कृतिको विकास गरिएको अध्यक्ष गुरुङले बताए। यसप्रकारको अन्तरपालिका समन्वयात्मक बैठकले असल अभ्यास र सुशासन प्रवर्द्धनमा योगदान पुर्‍याउने उनले विश्वास व्यक्त गरे। *रासस*


**स्वास्थ्यमा ध्यान दिऔं**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारिरीक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाईमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परिक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

**स्वस्थ्य जीवनशैली अपनाऔं, स्वस्थ्य बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ